# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

महिला विरुद्ध हुने हिंसा सन्दर्भमा कुरा गर्दा मानव इतिहासको सुरुवातसम्म जानुपर्ने हुन्छ । घुमन्ते युगदेखि नै महिलाहरु सामान्य घरायसी काम, कन्दमुल बटुल्ने, खानाको व्यवस्था गर्ने र पुरुषहरु शिकार गर्ने कार्यमा संलग्न भएको हुँदा पुरुषको प्रभुत्व पाइन्छ । त्यस्तै कृषि युगमा आइपुग्दा महिलाहरुको बाहिरी घुमफिर गर्ने स्वतन्त्रता कटौती गर्न थालियो र आर्थिक, सामाजिक, धार्मिक तथा राजनैतिक, क्षेत्रमा पुरुषहरुको नियन्त्रणमा वृद्धि भयो । अझ पुँजीवादी उत्पादन अवस्थामा महिलाहरुको शोषण हुन थाल्यो । मानव विकासको प्रारम्भबाटै महिला विरुद्ध हिंसा भएको पाइन्छ तर प्रारम्भ युगमा भने हालै जस्तो अमानवीय, निन्दनीय, क्रुर र उत्पीडन व्यवहारहरु पुरुषबाट भएको पाइदैन । अब प्रारम्भ युगबाट मानिसहरु दास युगमा प्रवेश गरे तब महिला विरुद्ध हिंसाको सुरवात भएको पाइन्छ । दास युगमा महिलाहरुलाई दासको रुपमा व्यवहार गर्न सुरुवात भयो र निजी सम्पत्तिको उदयसँगै महिलाहरुलाई पुरुषको खेलौना, भोग विलासको साधनका रुपमा पनि प्रयोग गरियो । यसरी गरिबी र हिंसा उनीहरुको जीवनको दुईपाटा जस्तै भएका छन् ।

हिंसा भन्नाले कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई हिंसा भनिन्छ । प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र घर परिवारसँग गासिएर हुने हिंसा जन्य कार्यलाई दण्डनीय बनाई जस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्नु पर्दछ । हिंसाका प्रकारहरु निम्न बमोजिम छन् :

१. घरेलु हिंसा :- भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ । सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

२. शारीरिक यातना :- भन्नाले प्रचलित कानुन बमोजिम अङ्गभङ्ग ठहर्ने बाहेक कुटपिट गर्ने, गैर कानुनी राख्ने शारीरिक चोट पुऱ्याउने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्यलाई शारीरिक यातना भनिन्छ ।

३. मानसिक यातना :- भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने, गालीगलोस गर्ने भ्रुटावात लगाउने घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्यलाई मानसिक यातना भनिन्छ ।

४. यौनजन्य यातना :- भन्नाले यौन जन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यलाई यौनजन्य यातना भनिन्छ ।

५. आर्थिक यातना :- भन्नाले सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत र साधनको पहुँच वा प्रयोगमा बञ्चित गर्ने कार्यलाई आर्थिक यातना भनिन्छ ।

६. पीडित :- भन्नाले पीडकसँग घरेलु सम्बन्ध गर्ने निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दावी गर्ने व्यक्ति सम्झनु पर्छ ।

७. पीडक :- भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निज विरुद्ध घरेलु हिंसा गरेको भनि पीडितले दावी गरेको व्यूक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँदछ । (स्रोतः हिंसा कसुर र सजाय ऐन, २०६६)

घरेलु हिंसा आफ्नै घरपरिवार भित्र एक पुरुषले महिला माथि, महिलाले महिला माथि गर्ने दुर्व्यवहार हो । जुन शारीरिक, मासिक र योनजन्य हुन सक्दछन् । श्रीमानले श्रीमतीलाई पिट्नु, सासुले बुहारीलाई यातना दिनु दुर्व्यवहार गर्ने, खान लाउन नदिने, घोचपेच गर्नु, धम्की वा डर त्रास दिनु, गालीगलौज गर्नु, छोराले आमालाई घरबाट निकाल्ने, आदर नगर्ने, सद्भाव नराख्ने सल्लाह नगर्ने, निर्णयमा सहभागी नगराउनॄ, भेदभाव गर्ने आदि घरेलु हिंसामा पर्दछन् । महिला र पुरुष प्राकृतिक रुपमा जन्मदा कुनै विभेदमा रहित तरिकाले जन्मन्छन् आज समाजमा महिलाहरु आफुले पाउने सम्पूर्ण अधिकारबाट बञ्चित रहेका छन् । विश्वमा आधा आकाश र आधा धर्ति ओगटेका महिलाहरु विरुद्ध विभिन्न हिंसाहरु भएको पाइन्छ । हाम्रैं जस्तो परम्परावादी समाजका अग्रज महिलाहरुबाट नयाँ पिढिलाई नारी शोषणका कुराहरुलाई प्रथाको रुपमा सिकाई रहेका छन् । जसबाट यी र

हिंसाहरुले महिलाको अवस्था निकै दर्दनाक, दुःखप्रद एवम् पीडादायी बन्न पुगी रहेको छ । ( महिला आयोग, २०६५)

वर्तमान विश्व एक्काइसौं शताब्दीको संघारमा प्रवेश गरी सक्दा पनि महिलाहरु घरायसी एवं वाह्य हिंसाबाट पीडित छन् । यद्यपी महिलाहरु विरुद्ध हुने हिंसाहरुका विभिन्न स्वरुपहरु छन् । कतिपय ठाउँम यस्ता हिंसाहरु निर्दयताको रुपमा देखिन्छन् भने कतिपय ठाउँम शोषण दमन र नियन्त्रण नयाँ नयाँ जटिल अभ्यासभित्र लुकेर अदृश्य रुपमा रहेका हुन्छन् र अचानक हुने समाजमा दृष्टिगोचर हुन आउँछन् । तसर्थ महिला विरुद्ध हुने हिंसा जुनसुकै पुरकमा भए पनि सामान्य तथा पुरुषबाट धर्मको आडमा महिलाहरु त को हक अधिकारलाई कुण्ठित गर्ने काम भइरहेको छ । नेपालमा २०५८ को तथ्याङ्क अनुसार ५०.०४ प्रतिशत जनसंख्या ओगटेको महिलाहरुको स्थान अझै चुलोचौको, घाँस दाउरामा सिमित देखिन्छ । छोरा सम्पत्ति हो, छोरी नासो हो, छोरा कमाई गर्ने शक्ति हो भने, बुहारी दासो हो भन्ने परम्परावादी सोच चिन्तन र पितृसत्तात्मक समाज हिंसाको कारक तत्व हो । (केन्द्रीय तथ्याङ्क, २०५८)

नेपाल सरकार, INGO र NGOहरुले विकास कार्यक्रममा महिला परिचालनलाई अगाडि बढाएका छन् । विश्वव्यापी रुपमा व्याप्त महिला उपरका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । चिनको राजधानी बेइजिङ्गको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरु मध्ये महिला हिंसा तथा महिला र गरिबी महत्वपूर्ण विषयको रुपमा रहेका छन् । (आचार्य, २०५८) विश्व बैंक रिपोर्ट (१९९३) अनुसार २०५ महिलाहरु जुन पुरुषहरुसँग बसेका छन् सोही पुरुषबाट नै अनुचित व्यवहार भएको पाइएको छ । त्यस्तै विभिन्न अनुसन्धानले देखाएको अनुसार ७७ प्रतिशत भन्दा बढि घटनामा महिला तथा चेलिबेटी विरुद्धका हिंसाका दोषी परिवारको सदस्य नै भएको पाइएको छ । यस वास्तविकतालाई स्वीकार गरी छैठौं योजनादेखि विकासमा महिलाका लागि क्षेत्रगत कार्यक्रमहरु कार्यान्वयन र संस्थागत विकास गरिएको भएता पनि लैङ्गिक समानता कायम गर्ने काममा खासै प्रगति हुन सकेको छैन । (अचार्य, २०५८)

महिलाहरु सामाजिक, राजनैतिक र धार्मिक सत्ता आदिबाट शोषित छन् । महिला भएकै कारणले गर्दा उनीहरुले आज पनि विभेदको सामना गर्नु परेको छ, हिंसा पीडित भएर बस्नु परेको छ । सन् १९९८ मा संयुक्त राष्ट्र संघले मुख्य रुपमा अन्तर्राष्ट्रिय क्षेत्रमा नै

महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता बढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ ।

घरेलु हिंसा कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आथिृक यातना हो । घरेलु हिंसा भित्र गालीगलौच कुटपिट तथा भावनात्मक चोट पुऱ्याउने आदि कार्य समेत पर्दछन् । हिंसा महिला, पुरुष बालबालिका जसका विरुद्ध पनि हुन सक्छन् साथै हिंसा गनृ कार्य महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छन् । समष्टिगत रुपमा भन्नुपर्दा महिलाहरु शारीरिक, मानसिक, सामाजिक, धार्मिक, कानूनी रुपमा हिंसाका शिकार भएका हुन्छन् । महिलाहरु माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई आफ्नै घरभित्रका सदस्यहरुबाट पनि हुने गरेको पाइन्छ । त्यसैले महिला विरद्धको हिंसा गम्भिर मुद्दा बनेको छ । (FWLD, 2059)

“हाम्रो मुलुक लगायत सम्पूर्ण दक्षिण एसिया क्षेत्रका देशहरुको अर्को एउटा साझा समस्या केटीहरुलाई कम उमेरमा विवाह गरिदिनु हो । महिलाको जिवनको एक र अन्तिम उद्देश्य नै विवाह गर्नु र बच्चा जन्माउनु हो भन्ने मान्यता समाजहरुमा व्याप्त छ । तथ्याङ्कहरुका अनुसार यस क्षेत्रमा आधा भन्दा बढि केटीहरुको बिहे १५ देखि १९ वर्षको उमेर भित्रै भई सक्छ । जबकी अन्य विकासशिल देशहरुमा जम्मा ३९ प्रतिशत केटीहरु मात्र यस उमेरमा विवाहित हुन्छन् । विकसित देशहरुमा यो संख्या ८ प्रतिशत मात्रै छ । विवाह गरी गएका केटीहरुलाई परिवारले पनि छिटो बच्चा जन्माउन दवाव दिन्छन् । यसबाट प्रसुति अवस्थामा प्रशस्त जटिलता पैदा हुन्छ ।” (शर्मा, २०५३)

१९९५ को JNSP, Project of अध्ययनमा ७०-८० प्रतिशत महिलाहरुमा रक्तअल्पता हुने कुरा उल्लेख गरिएको थियो । राष्ट्रिय योजना आयोग तथा युनिसेफले १९९५ को अध्ययनमा भने सामान्य महिला ६० प्रतिशत र गर्भावस्थामा ८० प्रतिशत रक्तअल्पता रहेको कुरालाई प्रस्तुत गरेको थियो । युनिसेफले १९९६ सर्वेक्षण अनुसार नेपालमा प्रत्येक २ घण्टामा एक महिलाले गर्भवति वा सुत्केरीका कारण ज्यान गुमाउन बाध्य छिन् । गर्भनिरोधक सामान प्रतिको अज्ञानताले पनि महिलाको स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको छ । (अर्याल, २०५९)

हुन त महिला विरुद्धको हिंसामा न्यायिक पक्षमा पहल भने नभएको होइन । विश्वव्यापी रुपमा व्याप्त महिला उपरका हिंसा उन्मुलनका लागि संयुक्त राष्ट्रिय संघले सन् १९९३ मा नै महिला विरुद्धका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । चीनको बेइजिङको विश्व महिला सम्मेलन, सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरुमध्ये महिला हिंसा तथा महिला र गरिबी महत्वपूर्ण विषयका रुपमा रहेका थिए । सन् १९९८ मा संयुक्त राष्ट्र संघको Commission of the status of women को बयलिसो सेसनमा पनि सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका सिह अन्त्य गर्न सक्रियता ल्याउने र लैङ्गिक समानताका लागि अग्रसर गराउने कार्यक्रमको सिद्धान्तमा एकमत भएका थिए । अन्तर्राष्ट्रिय सन्धि पत्र, Convention on the elimination of all forms of discrimination against women (CEDAW) को एउटा Optional Protocol लाई संयुक्त राष्ट्र संघको 6 Oct. 1996 को साधारण सभाले पारित गऱ्यो र अनुमोदनका लागि खुल्ला राखिएको छ । नेपालको सन्दर्भमा भन्नु पर्दा कुटपिट, लुटपाट, लोग्ने स्वास्नीको महल आदि जस्ता मुलुकी ऐनका महलहरुमा व्याख्या एवं व्यवस्था गरिएको छ भने मुलुकको संविधानमा पनि महिलाको समानताका सम्बन्धमा व्यवस्था भएबाट अन्तर्राष्ट्रिय जनताका साथै नेपालमै पनि महिला विरुद्धका हिंसाका लागि न्यायिक सक्रियता रहेको अनुभव सम्म त हामी पाउँछौ तर पनि नेपाली परिवेशमा भन्नु पर्दा न्यायिक सक्रियताका आधारमा पूर्ण रुपमा न्याय भने प्रदान गर्न सकिएको देखिँदैन ।

## १.२ समस्याको कथन

हालको २१ औं शताब्दीमा पनि समाजमा लैङ्गिक असमानता व्याप्त संसारमा विकास समानताको विषय करिब ३० वर्ष देखिनै औपचारिक रुपमा विश्वभर, चर्चामा आएता पनि पुरुषको तुलनामा शोषित पीडित भई अकाृको आशा भरोसामा बाँच्नु पर्ने क्रम र भाग्यले ठगेको भनि दमन निरिह भई सहेर बाँची रहेको पाइन्छ । नेपाली समाजमा व्याप्त अशिक्षा, रुढिवादी एवं परम्परागत सामाजिक मुल्य मान्यताहरु जस्तै विभिन्न प्रथाहरु जस्तै देउकी, झुमा, छाउपडी प्रथा, विधवा तथा बाँझो महिला प्रतिको दुर्व्यवहार, बोक्सी आरोप, पैतृक सम्पत्ति माथिको असमान अधिकार, महिलालाई उपभोग्य वस्तुको श्रेणीमा राख्नु, पुरुषले महिलालाई पैतालाको धुलो मान्नु तथा महिलाले गर्ने घरायसी कामको सही गणना नहुनु जस्ता कुराहरु महिलाका विरुद्धमा रहँदै आएका छन् । कानूनको अभावले महिलाहरु

विभिन्न हिंसा सहेर बस्न बाध्य छन् भने भएका कानूनले पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु पनि अर्को कमजोर पक्ष रहेको छ । मानसिक हिंसा काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा व्यापक रहेको, शारीरक हिंसा पहाडी क्षेत्रमा तथा सांस्कृतिक हिंसा मध्य पश्चिमी तराई क्षेत्रमा व्याप्त रहेको तथ्य विभिन्न अध्ययनले देखाएको छ । नारी आन्दोलनमा मात्र सीमित महिला हिंसा अन्त्यको रणनीति कार्यान्वयनमा आउन उत्तिकै जरुरी छ ।

महिला विरुद्धको हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहिनताको अन्त्य गरौ भन्ने आवाज उठाउन थालेको धेरै समय भइसकेको छ । विश्वभरिका महिलाहरु बिच हुने विभिन्न हिंसा तथा भेदभावहरु कसरी निर्मुल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरु भइसकेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सीमित नरही विश्व भरि नै मुख्य समस्याको रुपमा देखापरेको छ । नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरु नै महिला हिंसाको प्रतिरुप हुन् । जस्तै बोक्सीको आरोप लगाउने, बिरामी पर्दा धामी झाँक्री माथि बढि विश्वास राख्दा झाँक्रीको काम उही महिलालाई दोषारोपाण गर्दछ । सबै त्यस महिलालाई दोषी मानेर कुट्ने पिट्ने गर्दछन् । बोक्सीको आरोपमा विभिन्न स्थानमा महिलाहरुलाई अमानवीय कार्य हुने गरेको र हत्या समेत हुने गरेको प्रष्ट घटनाहरु सुनिने गरिएको छ । पढलेखेका महिलाहरु समेत यस्ता कुराका माथि अझसम्म विश्वास गर्दछन् । (महिला आयोग, २०६५)

महिला माथि हुने हिंसा भनेको प्रथमतः भ्रुण हत्या हो । बालिका यस धर्तीमा जन्मनु भन्दा पहिले नै गर्भ पहिचान गरी हत्या गरिन्छ । किशोरावस्थामा महिला माथि हुने गरेको हिंसाको रुपमा महिलाको मन्जुरी विना विवाह गरिदिने, शिक्षा, स्वास्थ्य, खानपान लगायत घरायसी काममा समेत महिलाप्रति विवाह पश्चात गरिने हिंसा जस्तो वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, घरेलु हिंसा आदि भने गर्भावस्थामा भ्रुण हत्या गरिने, गर्भवती महिलाले पाउनु पर्ने उचित स्याहार संहार नपाउने, पोसिलो खानाको कमी, बढि समय काममा खट्नु पर्ने जस्ता शारीरिक तथा मानसिक यातना पर्दछन् । (न्यायका लागि आवाज, २०६०)

महिलाहरु घरबाट बाहिर निक्लनु हुँदैन भन्ने हिन्दू सामाजिक सांस्कृतिक मान्यतालाई अँगालेर बसिरहने महिलाको स्थिति वा हैसियत कहिल्यै सुध्रदैन । त्यसैले यो

पुरातनवादी विचारबाट माथि उठेर सोच्नु पर्ने बेला आएको छ । त्यसमा पनि दलत महिलाको अवस्था झन दयनीय रहेको ।

नेपालमा महिला विरुद्धको हिंसालाई भड्काउने मुख्य तत्वहरु हाम्रा समाजमा विद्यमान पितृसत्तात्मक मूल्य मान्यताहरु, बालिकाको न्यून सामाजिक प्रतिष्ठा, चरम गरिबी, शिक्षा र चेतनाको कमी, बालविवाह, बहुविवाह तथा संस्कृति र परम्परा नै हुन् । महिला विरुद्ध हिंसाको रुपमा घरेलु हिंसा एक कष्टकर हिंसा हो । यस्ता हिंसाको जाहेरी एकदम कम पर्ने हुँदा अपराधको संख्या आँकलन गर्न गाह्रो छ । अझै दलित महिलाहरुमा यस्तो समस्या बढी देखिने गर्दछ । छोरा पाउन नसक्दा श्रीमानले अर्को विवाह गर्ने जस्ता महिला माथि हुने गरेका मानसिक यातनाका घटनाहरु पनि यहाँ थुप्रै छन् । यस्ता महिला माथि हुने गरेको विभिन्न खालका घरेलु हिंसा शिक्षित परिवारमा भन्दा ग्रामीण तथा निरक्षर परिवारमा बढि मात्रामा घरेलु हिंसाको शिकार हुने गरेको पाइन्छ ।

वास्तवमा शारीरिक यातनालाई मात्र हामी हिंसा मान्न सक्दैनौं । पहिले जस्तो शारीरिक यातना मात्र हिंसा नभई आज भोलि मानसिक, धार्मिक तथा कानूनी रुपमा भएका यातनालाई पनि हिंसा कै कोटीमा राखेर अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा कीर्तिपुर नगरपालिका वडा नं. ७ मा बसोबास गर्ने महिलाहरुले पहिलो समयमा भोगेका हिंसाका प्रकार र अहिलेका हिंसाको भिन्नता पनि थाहा पाइन्छ । त्यस क्षेत्रमा बसोबास गर्ने महिलाहरुले कस्ता प्रकारका हिंसाबाट पीडित हुने गरेका छन्, उनीहरुले भोगिरहेका हिंसाका कारणहरु के के समस्याको रुपमा अध्ययन गरिएको छ । अर्को वाक्यमा भन्दा यो अध्ययन निम्न प्रश्नहरुको उत्तर खोज्नमा केन्द्रित रहेको छ :

- दलित महिला विरुद्ध हुने घरेलु हिंसाका स्वरुप तथा प्रकारहरु के के हुन् ?
- दलित महिला माथि घरेलु हिंसा र सामाजिक, आर्थिक पृष्ठभूमि कस्तो रहेको छ ?
- घरेलु हिंसाको कारणले महिलाहरुलाई कस्तो प्रकारको असर पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानको मुल उद्देश्य बसोबास गर्ने क्षेत्री जातिका महिला प्रति हुने गरेको घरेलु हिंसा र सोको कारणहरुको बारेमा अध्ययन गरिएको छ भने यसका विशिष्ट उद्देश्यहरु भने यसप्रकार रहेको छ ।

- घरेलु हिंसाबाट पीडित क्षेत्री महिलाको सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि पत्ता लगाइएको छ ।
- शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता छन् पत्ता लगाइएको छ ।
- हिंसाप्रति क्षेत्री महिलाहरुको धारणा पत्ता लगाइएको छ ।

## १.४ अध्ययनको महत्व/सान्दर्भिकता

महिलालाई मानसिक एवम् शारीरिक रुपमा कमजोर मानिन्छ । त्यस माथि पनि धर्म र संस्कार उनीहरुको पक्षमा न्यायगत छैन । पितृसत्तात्मक मुल्य मान्यता एवम् सामाजिक संरचनाले गर्दा महिला अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिस्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोण भने परिवर्तन आउन सकेको छैन । यसैले आधा आकाश ओगटेका महिला वर्गको उत्थान विना विकास सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवं जागरुक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरु प्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरुको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको महत्वलाई निम्न बुँदाहरुमा प्रस्ट्याइएको छ :

१. यो अध्ययनले अध्ययन क्षेत्रभित्र मुख्य रुपमा बसोबास गर्ने क्षेत्री महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक पक्षको स्थिति थाहा पाउनुका साथै महिलाहरु कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुा थाहा पाइएको छ ।

२. यो अध्ययनबाट क्षेत्री जातिका महिलाहरु सम्बन्धी अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी तथा विदेशी अनुसन्धान कर्ताहरुलाई थप अध्ययनको लागि सहयोग मिलेको थियो ।

३. यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरुको शारीरिक तथा मानसिक यातना के कस्तो छन् जानकारी प्राप्त भएको छ ।

४. यस अध्ययनबाट घरेलु हिंसा पीडित समग्र महिलाहरुको बारेमा बुझ्न चाहने व्यक्ति संस्था योजना कर्ता आदिलाई सहयोग पुगेको छ ।

५. यसले लैङ्गिक अध्ययन र महिला अध्ययनको बारेमा अध्ययन अनुसन्धान गर्नेहरुलाई प्रष्ट सहयोग पुऱ्याएको छ ।

# अध्याय- दुई

# साहित्यको पुनरावलोकन तथा अवधारणात्मक ढाँचा

## २.१ साहित्यको पुनरावलोकन

हिंसा भनेको कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा दुःख र अमानवीय व्यवहार हो जुन शारीरिक वा मानसिक दुवै किसिमको हुन सक्छ जुन मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिङ्ग भेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँदछ । यस्ता प्रकारका हिंसा घरभित्र वा बाहिर दुवै ठाउँमा हुन सक्छ ।

परम्परागत दृष्टिकोणबाट केबल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरु पर्दछन् । बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिबेटी बेचविखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरद्ध हुने हिंसाका कारक तत्वहरु हुन् ।

सामाजिक लिङ्ग भेदको आधारमा गरिएको सम्पूर्ण कार्यहरु जसबाट महिलालाई Physical sexual/psychological रुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिएको छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिएको छ भने त्यो महिला विरुद्धको हिंसा हो । (Beijing Decleration, 1995)

Bennett(१९८३) मा कोलम्बिया युनिभरसिटी प्रेसद्वारा प्रकाशित यस पुस्तकले हिन्दु पितृप्रधान समाजमा नेपाली उच्च जात (बाहुन, क्षेत्री) महिलाहरुको सामाजिक र प्रतिकात्मक भूमिका पत्ता लगाउने उद्देश्य राखेको देखिन्छ । छोरी, दिदी, बहिनी र बुहारी पत्नी भाउजु जस्ता सामाजिक पदमा रहेर निर्वाह गरिने भूमिका जस्तै विवाह अघिका पदहरु बढी सजिला, माया, तथा उच्च भूमिकाका रहन्छन् । विवाह पछिका दिनहरु यसका ठिक विपरित छन् । महिलाले महिलालाई (सासुले बुहारीलाई) गर्ने नकारात्मक (शोषणयुक्त) व्यवहारहरुका बारेमा उल्लेख छ । उनको पुस्तकमा नेपालीमा बाहुन, क्षेत्री परिवारका महिलाहरुको अवस्थालाई देखाउन नारीकोटीका महिलाहरुको अध्ययन लैङ्गिक अवधारणाबाट गरिएको छ । यस पुस्तकको अर्को महत्वपूर्ण पक्ष स्वयं महिला भित्रै पनि

विवाह पूर्व र विवाह पछि विवाह हुने राम्रो र नराम्रो हैसियत । सामाजिक मूल्याङ्कनको अवस्थालाई उठाइएको छ ।

Masson, 1986महिला शक्तिकरणले महिलालाई आत्मविश्वासी बनाउँछ । आफुसँग भएका क्षमताको प्रयोग गर्न सक्ने हैसियत पुऱ्याउँछ ।

राष्ट्रिय कार्ययोजना २०६० महिला हिंसाले महिलालाई मात्र असर नगरी उसको परिवार छिमेक समाज हुँदै सिङ्गो राष्ट्रलाई नै असर पारेको हुन्छ । जिवनको अधिकार सुनिश्चित गर्नु प्रत्येक राष्ट्रको दायित्व हो अभैः पनि महिलामाथि विभेद गर्ने खालका थुप्रै कानुनहरु हाम्रा सामु विद्यमान छन् । १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना हुँदै तयार भएको वडापत्रमा अन्तर्राष्ट्रिय समुदायबाट महिला र पुरुष बीच समानता एवं मानव अधिकार प्रति सम्मान कायम हुनु पर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्व व्यापी घोषणापत्रले अभ्र समक्त तुल्यायो । महिला वर्गको सामाजिक आर्थिक एवं राजनैतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको स्थिति सम्बन्धी आयोग (Commission on the status of women) को गठन गऱ्यो । वर्तमान विकासका प्रयासले यस खालको परम्परागत पितृसत्तात्मक मूल्य हटाउने प्रयास गरेको भएता पनि समाजमा विगतको लामो समयदेखि जरा गाडेर रहेको सांस्कृतिक मूल्य मान्यतालाई परिवर्तन गर्न गाह्रो भएको देखिन्छ । महिलालाई विकासको मूल धारमा समेट्न सके महिला र पुरुषबिच रहेको भेदभावहरु स्वतः हटेर जाने कुरामा दुईमत हुन सक्दैन । त्यसका लागि महिला शिक्षामा विशेष जोड दिनु पर्दछ र महिला भनेका विकासका संवाहक हुन् । भोग विलासका साधन हुन भन्ने पुरातन वादी, अतिवादी पुरुष, कुविचारलाई हटाई नारी पुरुष समान हुन भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

परम्परागत दृष्तिकोणबाट केबल बलात्कार र यौनजन्य दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रूपमा लिइन्छ । तर हिंसा भित्र धेरे कुराहरु पर्दाछन् । जवरजस्ती करणी, बालविवाह, बुहविवाह, जर्वजस्ती विवाह, बालयौन दुराचार, चेलिबेटी बेचविखन गर्भपतन, दाइदो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरु हुन् ।

सन् १९३० मा महिलावादीको पहिलोधार विकास भयो । जहाँ अमेरिकी महिलाहरुले दासत्ताका विरुद्धमा आवाज उठाएका थिए भने, दोस्रो धार सन् १९६० को दशकमा विकास

भयो यसै समयमा विभिन्न महिलावादी सिद्धान्तको विकास भयो । यस अन्तर्गगत आमूल र समाजवादी नारीवादी विश्लेषण पर्दछ । सने १९८० को दशक पछि विकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विध्त वर्गको विकास भयो । यो धार आधुनिक महिलावादी आन्दोलनसँग सरोकारित रहेको छ । यसले समाजमा बढी दमित शोषित र मुल प्रवाहबाट बाहिरका समुदायका महिलाको अवस्थालाई अन्तर सम्बन्ध गरी महिला अधिकारका मुद्दालाई उठाउनुपर्ने र विश्वव्यापी रूपमा विकास भएको उत्पादन व्यवस्था वितरणको परिपाटि र त्यसले समाज पारेको प्रभावका सम्बन्धमा बसेर लैङ्गिक ब्याख्या र विश्लेषण गुर्नपर्दछ भन्ने ब्याख्या यसमा पाइन्छ । साथै समाजमा महिलावादी हुने पिडाको तह पनि फरक-फरक हुने कारण, लिङ्ग संरचना भित्र बसेर समदुायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा बुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritze, 1996)।

नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रूपमा मान्ने गरेको हुनाले समाज वा बारिही पक्षले हस्तक्षेप गर्नु हुँदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेका छ । परम्परागत मुल्य मान्यता, प्रचलन तथा रहनसहनबाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरु छन् । जसबाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामीण तथा शहरी क्षेत्रमा बालबालिकाहरुको विद्यालयको उपस्थितिमा ठूलो अन्तर रहेको छ । खास गरी भिन्न-भिन्न भौगोलिक क्षेत्रहरुमा केटाहरु र केटीहरुको विद्यालयको उपस्थितिमा अन्तर आएको पाइन्छ । परम्परागत देखि नै ब्यापक रूपमा समाज जरा गाडेको पितृसत्तामक सोचाई, पारिवारिक, कामको बोझ तथा महिलाहरुको सक्रिय सहभागिताको अभाव जस्ता कारणले स्थानिय तहमा सक्रिया महिलाको नेतृत्वको अभाव जस्ता स्थितिले सृजना हुन पुगेको हो । (UNDP, 2001)

नेपाल प्रहरी अन्तर्गत स्थापना भएको महिला तथा बालबालिका सोव केन्द्रले हिंसा पिडित महिला तथा बालबालिकाको उजुरीलाई हेर्दै आएको छ । जस अन्तर्गत विगत ३ बर्ष को तथ्याङ्क हेर्दा मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको संख्या आर्थिक बर्ष २०६८/०६९ मा घटेको तथ्याङ्कले देखाएको छ भने अन्य अपराधको संख्या भने वृद्धि हुँदै गएको देखिएको छ । जसमध्ये पनि घरेलु हिंसाको उजुरीको मात्रा अत्याधिक मात्रामा वृद्धि

भएको तथ्याङ्कले देखाएको छ । आर्थिक बर्ष २०६८/०६९ मा राष्ट्रिय महिला आयोगमा परेका उजुरीको प्रकृति अनुसार शारीरिक  हिंसा १४८ वटा, मानसिक हिंसा ११४, आर्थिक हिंसा  २ वटा र यौनजन्य हिंसा १ गरी जम्मा २०६५ रहेको छ (राष्ट्रिय महिला आयोग) ।

आर्थिक बर्ष २०६८/०६९ मा राष्ट्रिय महिला आयोगमा परेका उजुरीको प्रकृति अनुसार शारीरिक हिंसा २ वटा र यौनजन्य हिंसा  १ गरि जम्मा २६५ रहेको छ । (राष्ट्रिय महिला आयोग)

महिला पुनः स्थापना केन्द्र (ओरेक) नेपालले महिला हिंसाको अवस्था र यथार्थताका लागि देशभरिनै महिला हिंसाको विभिन्न संजाल समूह, संस्था र जिल्ला प्रविधिको रूपमा जिल्लामा रहनु भएका सम्पर्क व्यक्तिहरु मार्फत महिल माथि भएका हिंसाको अभिलेखिकरण गर्दै आइरहेको छ । यसरी आएका घटनाहरुलाई हेर्दा महिलामाथि हुने घरेलु हिंसालाई पनि छुट्याएर हेर्ने हो भने भएजति दाइजो नल्याएकै कारण उनीहरु माथि हिंसा भएको अवस्था छ । ओरेकद्वारा हरेक बर्ष प्रकाशन गरिने अन्वेशी, बर्ष पुस्तकलाई आधार मानी हेर्दा यस बर्ष दाइजोको कारणले महिलामाथि  भएको हिसाहरुमा सबैभन्दा बढी धनुषमा २६ प्रतिशत, सिराहामा २० प्रतिशत र काभ्रेमा ४ प्रतिशत भएको पाइन्छ ।

VAW (2070) ओरेक नेपालले अभिलेख गरेका र विभिन्न पत्रपत्रिका मा आएका घटनाहरुलाई हेर्दा २०७० माघ महिनामा महिला हिंसाका २०६९ वटा घटना रिपोटिङ्ग भएका छन् । रिपोटिङ्ग भएक हिंसाका घटनाहरु यसप्रकार रहेका छन् । १३६ वटा घरेलु हिंसा जसमा श्रीमान् र परिवारमा अन्य सदस्यहरुको कुटपिट, मानसिक, यातना, घर निकाला, गालीगलौच, शारीरिक यातना पर्दछन् । २४ वटा सामाजिक (जस अन्तर्गत बोक्सीको आरोपमा कुटपित बालविवाह र गाली गलौच आदि रहेका छन् । ३३ वटा बलात्कार आफन्त छिमेकी र अन्यवात ४ वटा बलात्कारको प्रयास, १९ वटा हत्या, ७ वटा हत्या भएको पाइन्छ ।

LACC (2007)का अनुसार वौद्धिक कालदेखि महिलामाथि हुँदै आएका हिंसाहरु आज २१ औं शताब्दीमा आइसक्दा पनि देशमा लिङ्गको आधारमा हुने गरेका हिंसाहरु विद्यमान रहिरहेको सत्य एकातिर छ भने यो भन्दा अर्को चिन्ताको बिषय हो । महिलामाथि हुने हिंसाका स्वरूपहरु विकसित, सुनियोजित तथा बैज्ञानिक ढङ्गबाट वृद्धि भइरहेको छ ।

बेलबेलामा गरेको महिला हिंसाको अभियान, अन्तरराष्ट्रिय सन्धी सम्झौता विद्यमान कानूनमा भएका संसोधन, केही नयाँ कानूनको निर्माण वा सर्वोच्च अदालतबाट बेलाबेलामा हुने गरेका प्रगतिशिल फैसलाहरुबाट पनि महिला वर्गमा माग तथा समाजको आवश्यकतालाई समेट्ने प्रयास गरेको पाइन्छ । एकजना व्यक्तिमात्र संवेदनशील वा प्रगतिशील भएर यो देशमा कुनै वरिवर्तन हुन सक्दैनन यसको लागि सम्पूर्ण व्यवस्थाको सोच कार्यशैलीको, संरचना योजना नीति तथा कार्यान्विनमा नै क्रान्तिकारी परिवर्तन आउन महिला हिंसा विरुद्धमा विशेष कानून बन्नुपर्दछ । कानून बनेरमात्र हुँदैन । त्यसको कार्यान्वयन गर्ने निकाय र पक्ष दुवै त्यत्तिकै सशक्त हुनुपर्दछ । त्यसका लागि घरपरिवार, सिङ्गो समाज, राज्यले महिलालाई समानताको ब्यवहार गर्नुपर्छ । जबसम्म यी कुराहरुमा समाज, व्यक्ति, नीति तथा कानून  परिवर्तन हुँदैन, तबसम्म देशमा महिला उपर हुने हिंसाका कारक तत्वहरुका आमुल परिवर्तन हुन सक्दैन तवसम्म हिंसा मुक्त समाजको कल्पना गर्न सकिदैन ।

Bennett (1983) ले काठमाण्डौ देखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दु महिला र पुरुष बिच रहेको फरकपनलाई स्पष्ट पारेकी छिन् । खासगरी त्यस ठाउँका महिलाहरु प्रत्येक तहमा शोषित रहेका हुन् । सदैव पुरुषको नियन्त्रणमा रहनुपर्ने प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध, जुठो देखाउने, हिन्दु प्रवृति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथी उठ्न नसकेको पाइएको छ । पितृपधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्ता अत्यन्तै न्यून रहेको देखाइको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाविच रहेको असमानता र एउटा महिलाको विवाह अघि विवाहपछिको दुईवटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई उल्लेख गरेको छन् ।

घर शान्ती नै विश्व शान्ती आधारः दमको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं बर्दियाको गुलरिया नगरपालिका ४ का २३ बर्षिय बाबु खाने आफ्नै छोरी १६ बर्षकी शिवा हास्मीको शरीरमा पेट्रोल छर्किएर आगो लगाएका थिए । (मंसिर, २५, २०६९ नागरिक)

मुलुकले महिला हिसा विरुद्ध १६ दिने अभियान संचालन गरिराख्दा यो अभियानलाई चुनौति दिने बुढानिलकण्ठ मन्दिर हातामा माग्न बसेका थुप्रै महिलाको प्रतिनिधित्व गर्न विवश बलात्कारबाट ति र महिलाको भविष्य कता जाँदै थियो न महिला अधिकारकर्मीलाई

चाँसो थियो नत महिलाका बारेमा कदमचलाउने पत्रकारलाई नै गिद्दे दृष्टिबाला पुरुषहरुको यौन शोषणबाट आफूलाई बचाउन नसकेका यि र महिला त प्रतिनिधि पात्र मात्र हुन पहिचान बिनाको बाबुको छोराछोरी  जन्माउनका लागि कहिले मन्दिरमो कुना तिर त कहिले सार्वजनिक पार्टीमा अरु माग्ने सरह रात विताउन बाध्य ति २ महिनाको आफू धेरैचोटी बलात्कारमा परिसकेको र प्रहरीको यसको गुनासो गर्दा सुनवाई नै नभएको गुनासो गर्दै थिए । महिलालाई सुरक्षा चाहिने रातको समयमा बासस्थान नै असुरक्षित हुँदा यो पिडा भोग्नु परेको दुवैको पिडा वा गुनासो थियो । (मंसिर, २०६९ नागरिक)

एक बर्षको अवधिमा १ सय ५५ घरेलु हिंसाका उजुरी जिल्ला प्रहरी कार्यलायमा दर्ता भएका छन् । महिला हिंसा विरुद्धको एक महिने अभियानका क्रममा अखिल नेपाल महिला संघका पदाधिकारीसँग डिएसपी कृष्ण सिवाकोटीले उक्त जानकारी गराएका छन् । (नागरिक, २०६९)

दाइजो नल्याएको अन्धविश्वासी कारणबाट अझै महिला पीडित छन् । प्रधानमन्त्री डा. बाबुरम भट्टाराइले भने अब यस्ता कुरा बोल्न सबै लाग्नु पर्छ महिला विरुद्ध हुने हिंसा सम्बन्धी हुने कानूनलाई संसोधन गर्न सकिने उल्लेख । (नागरिक, २०६९)

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरु आफ्नै घरभित्र बेचिन्छन्, बलात्कार हुन्छन्, जवरजस्ती, देहव्यापारमा लगाईन्छन्, यौन दासको रूपमा राखिन्छन्, जवरजस्ती गर्भवती बनाईन्छन्, बालविवाह, अनमेल विवाह, बहुविवाह, विधवाप्रतिको दुव्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतकै हिंसाहरु हुन् । (डा. थपलिया, २०५८)

राजभण्डारी (२०५५) का अनुसार, महिलालाई गरिने गाली, बेइज्जती, पारिवारिक भेदभाव, दाइजो नल्याएका कारण गरिने भेदभाव, श्रीमानले श्रीमतिको इच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने बाध्यता, घरमा सबभन्दा पछि खानु पर्ने चलन जस्ता सम्पूर्ण कुराहरु महिला हिंसाका स्वरूपहरु हुन् । यस्ता सम्पूर्ण खाले हिंसाहरुबाट महिलाहरुको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ ।

मल्ल (२०६०) का अनुसार, यौनजन्य, दुव्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुर्व्यवहार शारीरिक

मौखिक लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक यौनजन्य दुव्यवहार भित्र अनावश्यक रूपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु सुमसुम्याउनु आदि जस्ता कार्य पर्दछ भने मौखिक यौनजन्य दुव्यवहारभित्र अश्लिल वा अपमानित टिप्पणीहरु, यौनजन्य चुट्किलाहरु अप्रिय कुराकानी वा ठट्टा, लैंगिक लक्षित अपमानजनक वचनहरु, अनिच्छित यौनजन्य आमन्त्रणहरु, प्रस्तावहरु वा दवाव पर्दछ । यस्तै लिखित यौनजन्य दुव्यवहारभित्र यौनसम्बन्धी सामग्रीवितरण गर्नु, अश्लिल वा कामुक तस्वीरहरु, वस्तु वा लिखित सामग्री प्रदर्शन गर्नु आदि पर्दछ भने घुरेर हेर्ने, सुसेली बजाउने, आँखा जुधाउने, यौनजन्य अश्लिल इशारा गर्ने आचरणहरु इशाराले गर्ने यौनजन्य दुव्यवहारहरु हुन् ।

सन् २००४ का जुन महिनामा संयुक्त राष्ट्रसंघको, महिला वर्ष २०००, एक्काइसौं शताब्दीका लागि लैंगिक समानता, विकास र शान्ति, विषयको विशेष अधिवेशनको उद्घाटन समारोहमा संयुक्त राष्ट्र अमेरिकाका सेक्रेटरी जनरल कोफी अन्नानले भन्नु भएको थियो, "Violence against women is perhaps the most shameful human rights violence. Its knows no boundaries of geography culture or wealth, we can not claim making real process towards equality, development and peace."समष्टिगत रूपमा भन्नु पर्दा महिलाहरु शारीरिक, मानसिक, सामाकि, धार्मिक र कानुनी रूपमा नै हिंसाका शिकार भएका छन् । महिलाहरु माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिबाट समेत हुने गरेको पाइन्छ । सन् १९९३ को World Bank को Report का जुन देशमा भरपर्दो तथ्यांक पाइयो, त्यस अनुसार २० प्रतिशत महिलाहरु आफुलाई जोसँग बसेका छन्, उनै पुरुषहरुबाट नै उनीहरुमाथि अनुचित व्यवहार र दुर्व्यवहार भएको पाइएको छ । अधिक घरेलु हिंसामा स्वास्नी कुट्ने बढी देखिएको छ । नेपालको सन्दर्भमा महिलाबाटै पनि महिला हिंसाको शिकार भएको पाइएको छ (MGEP, 2058) । त्यस्तै महिला विरुद्धको हिंसा गहनतम प्रश्न बनेको छ ।

श्रीमान्बाट हुने कुटपिट तथा दुर्व्यवहार सहन नसकी इटहरी न.पा. वडा नं. ७ बस्ने धर्मकान्त पन्तकी ३० वर्षाकी श्रीमती दुर्गा पन्तले आफ्नै घरकोठाको पंखामा डोरीले पासो लगाई आत्म हत्या गर्ने क्रममा डि.एस.पी. लाई सम्बोधन गरी चिठीमा लेखेकी थिईन् जड्याहा श्रीमानबाट आर्जित भै आत्महत्या गरेको आफ्ना छोराछोरी मामाघर भै बसि पदुन र आफ्ना नामको घर घडेरी आफ्ना सन्तानको नाममा व्यवस्था मिलाईदिनु । प्रेम विवाह


गरेकी यी महिला रातदिन जड्याहा श्रीमानको कुटपिट सहदै आएकी थिईन् । (समाचार पत्र, २०६०)

रेग्मी (२०००) का अनुसार, वर्तमान अवस्थामा महिलाको स्थितिबारे प्रकाश पार्ने क्रममा कुल जनसंख्याको आधा भाग ओगट्ने महिला वर्गले महिला भएकै कारणले गर्दा सामाजिक, आर्थिक, राजनैतिक असमानता भोग्नु परेको पाइनछ । नेपालको संविधानले कुनै पनि नागरिक माथि जाति, भाषा, धर्म, लिंगका आधारमा भेदभाव नगरिनॆ भनिएको भएता पनि महिला माथि भेदभावपूर्ण व्यवहार गर्ने कानुनी व्यवस्थाको विद्यमानता रहेको बारे चर्चा गर्दै अंशबण्डाको महलमा एक भन्दा बढी पत्नि भएमा सबै पत्निको लोग्नेको अंशमा बराबर हक लाग्ने व्यवस्था भएबाट बहुविवाहले प्रश्रय पाएको देखिन्छ भनी चर्चा गरेका छन् ।

एउटी महिलाका लागि सबैभन्दा अप्रिय नाता नै सौता हो । तर छोरा नभई स्वर्ग पुगिन्न भन्ने परम्परागत मान्यताका कारणले गर्दा महिलाबाटै पनि सौता व्यहोर्न तयार रहेको अवस्था समाजमा विद्यमान रहेको पाइन्छ । इटहरीका मानकलाल चौधरीले जेठी श्रीमतीबाट जन्मिएका तीन छोराको लगातार मृत्यु भएपछि फेरी तीन छोरी जन्मिए तब उनीबाट छोरा नहुने निष्कर्षमा पुगी श्रीमती कै मन्जुरीमा मानकलालले गुजकी देवीसँग दोस्रो विाह गरे । उनीबाट पनि लगातार चारवटा छोरी जन्मिएर छोरा नभएपछि छोरा जन्माउनैका लागि लोग्नेले तेस्रो श्रीमती ल्याएमा भित्र्याउन तयार रहेकी छिन् गुजकी देवी (स्पेसटाइम, २०६०)

छोरी बढे बिग्रिन्छ भन्ने मान्यताका कारण रामेछापको कसाइगाउँमा १४ वर्ष उमेर नपुग्दै छोरीको बिहे गरिन्छ । उचित शिक्षा र प्रचारप्रसारको अभावमा स्वास्थ्य मन्त्रालयको ‘बिहेवारी २० वर्ष पारी’ भन्ने नारा त्यस गाउँका लागि अर्थहिन भएको छ । मागेर विवाह गर्ने परम्परा रहेको त्यस गाउँका झन्डै ९५ प्रतिशत केटीको विवाह १३-१४ वर्षको उमेरमा हुने गरेको छ । छोरीको रजस्वला नै नहुँदै विवाह गरिदिँदा धर्म हुने अन्धविश्वासका कारण सबैले छोरीको विवाह रजस्वला नै नभइ गर्ने गरेको तथ्य उनीहरुबाट पुष्टि भएको छ । (कान्तिपुर, २०६०)

## २.२ अवधारणात्मक ढाँचा




घरेलु हिंसालाई प्रभाव पार्ने प्रमुख तत्व शिक्षा हो । शिक्षित परिवारमा र अशिक्षित परिवारमा फरक फरक प्रकारका हिंसा रहेको पाइन्छ । शिक्षित परिवारको तुलनामा अशिक्षित परिवारमा बढि हिंसा रहेको पाइन्छ । एकल परिवार र संयुक्त परिवारले पनि हिंसालाई प्रमुख असर पारिरहेको हुन्छ । संयुक्त परिवारमा धेरै संख्या हुने कारणले गर्दा परिवारका सदस्यहरु जस्तै सासु बुहारी, नन्द भाउजु, देउरानी जेठानी बीच मतभेद भई झगडा हुने गर्दछ । त्यसैले संयुक्त परिवारमा बढि घरेलु हिंसा रहेको पाइन्छ ।

# अध्याय- तीन

# अनुसन्धान पद्धति

अध्ययनलाई व्यवस्थित रुपले अगाडि बढाउन र अध्ययनका उद्देश्यहरुलाई पूरा गर्नका लागि अध्ययनको निश्चित विधि, प्रक्रिया र मान्यतालाई अवलम्बन गर्नुपर्दछ । यही विधिको सिमाभित्र रही अध्ययन गर्दा सरल र सान्दर्भिक हुन्छ । अध्ययनलाई श्रृङ्खलावद्ध रुपमा अगाडि बढाउन सकिन्छ । यस अध्ययनमा अनुसन्धान विधिलाई निम्नानुसार संगठित गरिएको थियो ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

प्रस्तुत अध्ययनको निमित्त कीर्तिपुर नगरपालिका वडा भाजङ्गल वडा नं. ७ लाई छानिएको थियो । अध्ययन क्षेत्र छनोट गर्नुको पछाडि निम्न कारणहरु रहेको थियो ।

- उक्त क्षेत्रमा भएका क्षेत्री जातिका महिलाहरुको घरपरिवार भित्र महिला प्रति गरिने हिंसाको व्यवहारहरुको अध्ययन गर्ने रुचि भएकोले
- त्यस ठाउँमा भएका महिलाहरुको शैक्षिक, आर्थिक तथा पेशागत अवस्थाका बारेमा अध्ययन गर्नका लागि

## ३.२ अनुसन्धानको ढाँचा

अध्ययनको क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक दुवै अध्ययन योजनाको प्रयोग गरिएको छ । क्षेत्री जातिका बारेमा वर्णनात्मक किसिमले अध्ययन गर्दा यस समुदायको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक आदि सबै पक्षको विवरण तयार गरी वर्णन गरिएको छ । क्षेत्री जातिको शिक्षा, रोजगार, स्वास्थ्य, आम्दानी आदिको बारेमा सूचना संकलन गरिएको छ जसबाट अनुसन्धान विषयको समग्र पक्षको विवरण तयार गरिएको छ । अन्वेषणात्मक अवधारणामा घरेलु हिंसामा भएको घटना प्रविधि र व्यवहार, अनुसन्धानमा नयाँ नयाँ कुराको खोजी, हिंसा पीडित महिलाहरुको समस्याको सत्य तथ्य जाँच, पीडित महिलाहरुको घटनालाई बुझ्ने र उनीहरुको गहिराइसम्म पुग्ने गरी अध्ययन गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनोट

यस अध्ययनमा कीर्तिपुर नगरपालिका भाजङ्गल वडा नं. ७ मा बसोबास गर्ने क्षेत्री महिलाहरुलाई समग्रतामा लिइएको छ । अध्ययन क्षेत्रमा रहेका क्षेत्री महिलाहरु मध्ये ६० जना महिलाहरुलाई नै अध्ययनको समग्रताको रुपमा जनगणना विधि अनुसार नै अध्ययन गरिएको छ । नमुनाको लागि १० जना दलित महिलालाई पूर्व परीक्षणको लागि छानिएको छ । जसले गर्दा अन्तर्वार्ता सूचीमा भएका कमीकमजोरी हटाई सुपरिवेक्षकको सुझावको आधारमा आवश्यकता अनुसार वैधता निर्धारण गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खाले तथ्याङ्कीय स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता र अवलोकन विधि अपनाई प्रमुख जानकार व्यक्तिहरुबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय स्रोतका लागि पूर्वप्रकाशित लेख पुस्तक आदिमा निर्भर रही तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धान कार्यका लागि प्रश्नावलीहरुको सूची बनाई छनोट भएका महिला घरधुरी उत्तरदाताको अन्तर्वार्ता लिइएको छ । प्रश्नावली तयार गर्दा अर्धसंचित र संरचित दुवै खाले प्रश्नावली ढाँचामा तयार गरिएको छ । उत्तरदाताको अनुकूल समय मिलाई प्रत्येक घरबाट एकएक जना गरी जम्मा ६० जना महिलाहरुको अन्तरवार्ता लिइएको छ । उक्त अन्तरवार्ताको लागि उत्तरदाताको सामाजिक, आर्थिक पक्ष तथा घरेलु हिंसाको स्वरुप प्रकार र हिंसाका कारण सम्बन्धी जानकारी समेटिने गरी सरल भाषामा तयार गरिएको प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अवलोकन विधिबाट अनुसन्धान कर्ताले आफुले देखेको तथा अनुभव गरेको तथ्याङ्क संकलन गरिएको हुँदा सो तथ्याङ्क गुणात्मक र बढि औचित्यपूर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सूचना दाताहरुले दिन नचाहेको तथ्याङ्कहरु संकलन गर्न सकिन्छ

।अवलोकन गर्दा विशेषत क्षेत्री जातिको बसोबास क्षेत्र पारिवारिक संरचना, सामाजिक तथा आर्थिक परिवेश, सांस्कृतिक व्यवहार आदिलाई मध्यनजर गरिने छ । यसै गरी अवलोकनद्वारा हिंसाबाट पीडित महिलाहरुमा देखिने शारीरिक यातनाका चिन्ह परेको मानसिक तनाव आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गर्न जोड गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोधप्रस्तावमा अनुसन्धान कर्ता स्वयम् आफूले स्थलगत अध्ययन गरी निम्न विधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

अन्तरवार्ता सूचीको सहायताद्वारा नमुना छनोटमा परेका महिलाहरुसँग प्रश्न सोधी उत्तर संकलन गरिएको छ । उत्तरदाताको अनुकूल समय मिलाई अन्तरवार्ता लिइएको छ । उक्त अन्तरवार्ता सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि, शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता, हिंसाप्रति उत्तरदाता महिलाहरुको धारणा सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

यस तथ्याङ्क संकलन विधि मार्फत देखिने सूचनाहरु, अध्ययन क्षेत्रको जीवनशैली र अवस्था बुझ्नका लागि अवलोकन विधिको प्रयोग गरिएको छ । धेरै जस्तो महिलाहरु आफुमाथि हुने हिंसाको खुलेर कुरा गर्न चाहँदैनन् । यस्ता किसिमका महिलाहरुको प्रत्यक्ष अवलोकनबाट नै विशेष परिस्थिति पत्ता लागेको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनको क्रममा लिइएका संख्यात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी वर्णन गरिएको थियो भने गुणात्मक तथ्यलाई वर्णन गरिएको थियो ।

## ३.७ अनुसन्धानको सिमा

आफ्नो परम्परा र संस्कृति अनुसार महिलाको भूमिकामा फरकपना भएता पनि नेपाल एक पितृसत्तात्मक पारिवारिक ढाँचा भएको राष्ट्र पनि हो । पृथक संस्कृतिका कारण उनीहरुप्रति हुने गरेका हिंसाको प्रकृतिमा पनि फरक पर्न जाने साथै महिला प्रतिको हिंसाको क्षेत्र वृहत भएका कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारका सीमितता रहेको थियो :

- यस अध्ययनले क्षेत्री जाति बाहेक अरु जातका महिलाहरुमा हुने घरेलु हिंसाको प्रतिनिधित्व गरिएको छैन ।
- विद्यार्थीको आफ्नो अध्ययनको विषयभित्र परेको एउटा विषयको रुपमा अध्ययन गरिनु पर्ने हुँदा समयको सिमितताका कारणले गर्दा पनि बृहत क्षेत्रलाई समेटी अध्ययन गर्न सकिएको छैन ।
- यस अध्ययन कीर्तिपुर नगरपालिका भाजङ्गल वडा नं. ७ का ६० जना महिलामा मात्र सीमित थियो ।
- यो अध्ययन उद्देश्य अनुसार थियो ।
- यस अध्ययनमा अन्तरवार्ता र अवलोकन विधि प्रयोग गरिएको थियो ।

# अध्याय- चार

# क्षेत्री महिलाको सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि

## ४.१ परिवारको प्रकारका आधारमा क्षेत्री महिलाको पारिवारिक विवरण

परम्परागत रुपमा पहिला देखि नै संयुक्त परिवार हुन्थ्यो । तर आजभोलि संयुक्त परिवारभन्दा एकल परिवार बढी पाइन्छ ।

**तालिका १ : परिवारको प्रकारको आधारमा क्षेत्री महिलाको पारिवारिक विवरण**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ४१ | ६८.३३ |
| संयुक्त परिवार | १९ | ३१.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका १ का अनुसार ६० घरपरिवारमा एकात्मक परिवार ४१ र संयुक्त परिवार १९ रहेका छन् । वृहत परिवार भने रहेको पाइएन । एकात्मक परिवारमा एकै छानामुनि बस्ने एउटै भान्सा प्रयोग गर्ने आमाबुबा र तिनीहरुका छोरा, बुहारी, नाति, नातिनी पर्दछन् ।

प्राय हर समुदायमा परम्परागत रुपमा पहिलेदेखि वृहत तथा संयुक्त परिवारमा बस्दै आएकोमा हाल आएर एकल परिवार बढी हुन थालेको छ । छुट्टै बस्दा आर्थिक उन्नति हुन्छ आफ्ना छोराछोरीलाई राम्रो पालनपोषण गर्न सकिन्छ राम्रो शिक्षा दिन सकिन्छ भन्ने धारणाले पनि परिवार परिवर्तन हुँदैछ । मानिस अहिले पश्चिमीकरणको प्रभावले व्यक्तिवादी हुन थालेका छन् ।

## ४.२ आकारको आधारमा क्षेत्री परिवारको विवरण

क्षेत्रीहरुका ६० परिवारलाई सदस्य संख्याको आधारमा विभिन्न वर्गमा विभाजन गरिएको छ । जुन निम्न तालिका २ अनुसार रहेको छ ।

**तालिका २ : घर परिवारको सदस्यहरुको विवरण**

| परिवारका सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| सानो (१-४) जना | १८ | ३० |
| मध्यम (५-८) जना | ३७ | ६१.६७ |
| ठूलो ९ भन्दा माथि | ५ | ८.३३ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका २ अनुसार क्षेत्रीको परिवारलाई आकारका दृष्टिले ३ भागमा बाँडिएको छ । जसमा सानो परिवार १८ जना अर्थात ३० प्रतिशत, मध्यम परिवार ३७ जना अर्थात ६१.६७ प्रतिशत र ठुलो परिवार ५ जना अर्थात ८.३३ प्रतिशत रहेका छन् । जसमा मध्यम सदस्य संख्या बढी रहेको पाइयो ।

## ४.३ परिवार प्रमुखको आधारमा क्षेत्री परिवारको विवरण

पितृसत्तात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारका प्रमुख पुरुष नै रहेको छ । केही परिवारमा महिला प्रमुख भए पनि ती परिवार मातृसत्तात्मक भने रहेको छैन । यस विभाजनलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : परिवार प्रमुखको आधारमा क्षेत्रीको पारिवारिक विवरण**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष नेतृत्व परिवार | ५३ | ८८.३३ |
| महिला नेतृत्व परिवार | ७ | ११.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथि तालिका ३ अनुसार कुल ६० परिवारमध्ये ५३ परिवार पुरुष परिवार प्रमुखको रुपमा रहेका छन् बाँकी परिवारमा मात्र महिलाहरु परिवार प्रमुखको रुपमा रहेका छन् ।

हाम्रो जस्तो पुरुष प्रधान समाजमा महिला सहज रुपमा परिवार प्रमुख हुँदैनन् । महिला जहिले पनि पुरुषमा आश्रित हुँदै आएका छन् । एक्काइसौं शताब्दीमा पनि महिलाको

निर्णय स्वीकार हुन्छ भने त्यहाँ पुरुष नभएर हो । महिला पुरुष सरह पढे लेखेको भए पनि परिवारमा पुरुषकै निर्णय प्रमुख हुन्छ । यो क्षेत्री समुदाय पनि पुरुष प्रधान समुदाय हो । महिला परिवार प्रमुख भएका परिवारमा पनि लोग्ने जीवित नभएर छोरा पनि हुर्किनसकेको कारण बाध्यात्माक स्थितिमा मात्र महिला प्रमुख हुन पुगेका छन् ।

## ४.४ क्षेत्री महिलाको बालबालिकाको शैक्षिक अवस्था

समाजका हरेक गतिविधिहरुको सुक्ष्म अध्ययनको लागि शिक्षा नै पहिलो शर्त मानिन्छ । शिक्षाकै कारणबाट आज विश्वमा धेरै आविष्यकारहरु, नया तथ्य, सत्य पत्ता लगाउने उपकरणको नव सृजना तथा नयाँ नयाँ अन्वेषणहरुको खोजी सम्भव भएको मान्न सकिन्छ । विश्व आज एउटा Global village भैसकेको परिप्रेक्ष्यमा क्षणभरमै संसारका सै सुचनाहरु प्राप्त गर्न सकिन्छ भने केबल शिक्षाकै माध्यमले मात्रै सम्भव छ । आजको यस अत्याधुनिक प्रविधिको युगमा शिक्षा बिनाको मानिस नारकीय जिवन बिताउन बाध्य हुने कुरालाई नर्कान सकिँदैन । त्यसमा पनि हाम्रो समाज आफैमा पिछडिएको छ । अध्ययन स्थलबाट प्राप्त जानकारीलाई निम्नलिखित तथ्यबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४ : अध्ययन गर्ने संस्थाको आधारमा उत्तरदाता**

**क्षेत्री महिलाको बालबालिकाको शैक्षिक अवस्था**

| विद्यालय | संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी | ३४ | ५६.६७ |
| निजी | २६ | ४३.३३ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका ४ मा अध्ययन गर्ने संस्थाको आधारमा उत्तरदाता क्षेत्री महिलाको बालबालिकाको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ । जसमा सरकारी स्कुल जाने ३४ जना महिलाहरुका बालबालिका ५६.६७ प्रतिशत र निजीमा ४३.३३ प्रतिशत रहेको पाइयो । निजीमा भन्दा सरकारी विद्यालयमा पढ्ने बालबालिकाहरुको संख्या अलि बढी रहेको पाइयो ।

## ४.५ छोरीलाई शिक्षा

यस समुदायका क्षेत्री महिलाहरु शिक्षाको कमिले गर्दा आफुले धेरै दुःख भोग्नु परेको कारणले गर्दा छोरीलाई पनि पढाउनु पर्दछ भन्ने धारणा धेरै महिलामा रहेको पाइयो । केहि उमेर अलि धेरै भएका महिलाहरुले भने पढाउन आवश्यक छैन भने यस समाजमा अझै पनि रुढिवादी परम्परा पूर्ण रुपमा नहटेको पाइयो । यस सम्बन्धी उत्तरदाताको धारणा निम्न तालिका ५ बाट प्रष्ट हुन्छ ।

**तालिका ५ : छोरीलाई पढाउने सम्बन्धी धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| आवश्यक छ | ५२ | ८६.६७ |
| आवश्यक छैन | ५ | ८.३३ |
| थाहा छैन | ३ | ५ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका ५ बाट यो जानकारी हुन्छ की छोरीलाई पढाउनु पर्छ भन्ने धारणामा ८६.६७ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । आवश्यक छैन भन्नेमा ८.३३ प्रतिशत र थाहा छैन भन्नेमा सबैभन्दा कम ५ प्रतिशत रहेको पाइयो । यस समाजमा छोरीलाई पढाउनु पर्दछ भन्ने धारणा धेरैमा पाइयो । अशिक्षित महिलाहरु पनि आफू नपढेको कारणले समाजमा पछाडि परेको कारणले गर्दा आफ्ना छोरीलाई जसरी पनि पढाउनु पर्दछ भन्ने धारणा व्यक्त गरे । आवश्यक छैन भन्नेमा अशिक्षित महिलाहरु र धेरै उमेरका महिलाले शिक्षाका बारेमा नबुझेको कारणले गर्दा पर्दैन हामीले नपढे पनि भयो भन्ने उत्तर पाइयो ।

## ४.६ क्षेत्री महिलाहरुको वैवाहिक स्थिति

**तालिका ६ : क्षेत्री महिलाहरुको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ५५ | ९१.६७ |
| विधुवा | ४ | ६.६७ |
| सम्बन्ध विच्छेद | १ | १.६६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार क्षेत्री महिलाहरुको वैवाहिक स्थितिलाई हेर्दा कुल ४० जना महिलाहरु मध्ये सबैभन्दा बढी ५५ जना अर्थात ९१.६० प्रतिशत महिलाहरु दाम्पत्य सम्बन्धमा रहेको पाइयो । यसै गरी सबैभन्दा कम १ जना सम्बन्ध विच्छेद गरी श्रीमनसँग छुट्टिएर बसेको पाइयो । श्रीमानले अर्को श्रीमती छुट्टै कोठामा बसेको र उनलाई सम्पत्ति केही नदिए पछि सम्बन्ध विच्छेद गरेर बसेको पाइयो । वैवाहिक सम्बन्धमा नै रहेका महिलाहरु पनि आफु आर्थिक रुपले सक्षम नभएकाले श्रीमानसँग छुट्टिएर बस्दा आफ्नो र बाल बच्चाको भविष्य नराम्रो हुने हुँदा हिंसा सहेर नै भए पनि दाम्पत्य सम्बन्धमा रहेको पाइयो । महिलाहरु विवाह गरी आफु जन्मेको घर छोडी श्रीमानको घरमा आएको हुँदा सुख दुःख जे पाए पनि श्रीमानको घरमा नै बस्नु पर्ने बाध्यताको कारण जस्तो सुकै दुःख र पीडा परेता पनि महिलाहरुले वैवाहिक सम्बन्धलाई तोडेर अघि बढ्न नसकेको पाइयो ।

## ४.७ क्षेत्री महिलाको शैक्षिक स्थिति

**तालिका ७ : क्षेत्री महिलाको शैक्षिक स्थिति**

| शैक्षिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | १५ | २५ |
| प्राथमिक | १० | १६.६७ |
| निम्न माध्यमिक | ७ | ११.६७ |
| माध्यमिक | ९ | १५ |
| उच्च मा.वि. | ३ | ५ |
| निरक्षर | १६ | २६.६६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

अध्ययनका क्रममा क्षेत्री महिलाहरुको शैक्षिक स्थितिलाई हेर्दा जम्मा ६० जना क्षेत्री महिलाहरु मध्ये १५ जना महिलाहरु निरक्षर थिए, १६ जना अर्थात २६.६६ प्रतिशत महिलाहरु साक्षर भएको पाइयो । त्यसैगरी प्राथमिक, माध्यमिक, निम्न माध्यमिक र उच्च मा.वि. पढेका महिलाहरु क्रमशः घट्दै गएको पाइयो । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरु मध्ये कुल जनसंख्याको ६६.५ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखाइएको छ । यसैगरी ७५.९ प्रतिशत पुरुष र ५७.७ प्रतिशत महिलाहरु साक्षर रहेको देखाइएको छ । वि.सं. २०५८ सालमा ६ वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरुको कुल साक्षरता दर ५४.१ प्रतिशतमा पुरुष साक्षरता दर ६५.५ प्रतिशत र महिला साक्षरता ४२.८ प्रतिशत रहेको थियो । यसको अर्थ १० वर्षको अवधिमा देशको कुल साक्षरता प्रतिशत बढेको अवस्थामा यस अध्ययन भने अझै पनि उच्च माध्यमिक तह र विश्वविद्यालय तहमा अध्ययन गर्ने महिलाहरु कम रहेको पाइयो ।

## ४.८ क्षेत्री महिलाहरुको अध्ययन नगर्नुको कारण सम्बन्धी विवरण

**तालिका ८ : क्षेत्री महिलाहरुले अध्ययन नगर्नुको कारण**

| अध्ययन नगर्नुको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| छोरीलाई पढाउने नभएकाले | ४० | ६६.६७ |
| आर्थिक अभाव भएकोले | ११ | १८.३३ |
| घरमा काम गर्नु पर्ने भएर | ७ | ११.६७ |
| विद्यालय नजिक नभएर | २ | ३.३३ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

यस अध्ययन क्षेत्रका महिलाहरुले अध्ययन नगर्नुका कारण हेर्दा ४० जना अर्थात ६६.६७ प्रतिशत महिलाहरु नपढ्नुको कारण मानिसमा छोरीलाई पढाउन नहुने सोचका कारण थियो । १८.३३ प्रतिशत महिला आर्थिक अभावको कारण, ११.६७ प्रतिशत घरमा काम गर्नुपर्ने भएकाले र ३.३३ प्रतिशत महिला विद्यालय नजिक नभएर अध्ययन नगरेको पाइयो ।

## ४.९ क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरण

**तालिका ९ : क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १२ | २० |
| साक्षर | २१ | ३५ |
| प्राथमिक तह | ७ | ११.६७ |
| निम्न माध्यमिक विद्यालय | ९ | १५ |
| माध्यमिक विद्यालय | ६ | १० |
| उच्च माध्यमिक विद्यालय | ५ | ८.३३ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथि तालिका ९ मा क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरणलाई देखाइएको छ । ६० जना क्षेत्री महिलाहरुमध्ये १२ जना अर्थात २० प्रतिशत क्षेत्री महिलाहरुको श्रीमान निरक्षर रहेको पाइयो । सबैभन्दा बढी २१ जना अर्थात ३५ प्रतिशत श्रीमान साक्षर रहेको पाइयो । ७ जना अर्थात ११.६७ प्रतिशत श्रीमान प्राथमिक तह, ९ जना अर्थात १५ प्रतिशत निम्न माध्यमिक तह, ६ जना अर्थात १० प्रतिशत माध्यमिक तहमा र ५ जना अर्थात ८.३३ प्रतिशत श्रीमान उच्च माध्यमिक तहसम्म साक्षर भएको पाइयो ।

वि.सं. २०६८ सालको जनगणना अनुसार पुरुषको साक्षरता प्रतिशत ७५.९ रहेको छ जुन वि.सं. २०५८ सालको साक्षरता प्रतिशत भन्दा १०.४ प्रतिशतले बढी हुन आउँछ । यस हिसावबाट हेर्दा नेपालमा साक्षरता दर बढ्दै गएको देखिन्छ । यस क्षेत्रमा अशिक्षित व्यक्तिहरुको तुलनामा शिक्षित व्यक्तिहरुले हिंसा कम गर्ने गरेको पाइयो । व्यक्ति शिक्षित भएपछि उनीहरुमा चेतना आउने र हिंसा गर्न हुँदैन भन्ने कुराको चेतना पाइयो । शिक्षित व्यक्तिहरुले राम्रा कुराहरु सोच्ने र उनीहरुले समाजका अन्य व्यक्तिहरुले गरेको गलत कुराहरु नपत्याउने गरेको पाइयो । जसले गर्दा श्रीमती बिच मनमुटाव नभइ दुवै मिली समस्याको समाधान गर्ने हुंदा जति माथिल्लो तहसम्म शिक्षा हासिल गरेका छन् त्यति नै हिंसामा कमी हुँदै गएको देखिन्छ ।

## ४.१० पेशाको आधारमा क्षेत्री महिला

अध्ययनका क्रममा ६० जना क्षेत्री महिलाको पेशालाई निम्नानुसार तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका १० : पेशाको आधारमा क्षेत्री महिला**

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | १६ | २६.६७ |
| शिक्षिका | ७ | ११.६७ |
| व्यापार | ९ | १५ |
| कृषि | २४ | ४० |
| ज्याला मजदुरी | ४ | ६.६६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिका १० मा पेशाको आधारमा क्षेत्री महिलाको अवस्थालाई देखाइएको छ । ६० जना क्षेत्री महिलाहरु मध्ये सबैभन्दा बढी २४ जना महिलाहरुले कृषि पेशा अपनाएको पाइन्छ । त्यसै गरी सबैभन्दा कम ४ जना महिला ज्याला मजदुरी पेशामा संलग्न रहेको पाइयो भने नोकरीमा १६ जना, ७ जना शिक्षिका र व्यापारमा ९ जना संलग्न रहेको पाइयो ।

यसर्थ क्षेत्री महिलाको पेशालाई हेर्दा ४० प्रतिशत महिलाहरुले अझै पनि कृषि पेशा नै अपनाएको पाइयो । कृषि पेशा अपनाउनुको मुख्य कारण भने आफुसँग आत्मनिर्भर हुन सक्ने कुनै पनि पेशाको लागि उचित योग्यता नभएकाले कृषि पेशामा लागेको पाइयो । उनीहरु कृषि पेशा सानैदेखि गर्दै आएको पाइयो । कृषि पेशा गरी उत्पादन गरेको अन्नलाई घरमानै उपभोग गर्ने र तरकारी बालीलाई काठमाडौंका र स्थानीय बजारमा पठाई आयआर्जन गर्न सकिने वातावरण भएको कारण कृषि पेशमा लाग्ने महिलाहरुको संख्या पनि बढी रहेको पाइयो ।

## ४.११ भू-स्वामित्वको आधारमा क्षेत्री महिला

**तालिका ११ : भू-स्वामित्वको आधारमा क्षेत्री महिला**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो नाममा भूमि भएका | १४ | २३.३३ |
| आफ्नो नाममा भूमि नभएका | ४६ | ७६.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

अध्ययनका क्रममा ६०  जना क्षेत्री महिलामध्ये सबैभन्दा बढी ४६ जना अर्थात ७६.६७ प्रतिशत महिलाहरुसँग आफ्नो जमिन माथिको स्वामित्व नरहेको पाइयो भने १४ जना अर्थात २३.३३ प्रतिशत महिलाहरुसँग आफ्नो स्वामित्व रहेको पाइयो । आफ्नो नाममा भूमि भएका जम्मा १४ जना महिलाहरुलाई माइतिले घडेरी दिएको पाइयो । यहि विषयलाई लिएर परिवारमा झगडा समेत हुने भएकाले घरमुलीकै नाममा भूमि भएको पाइयो । प्रायः घरमुली पुरुष नै रहेको पाइयो ।

वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा महिलाको नाममा घरजग्गा भएका परिवार ९.११ प्रतिशत रहेको थियो । वि.सं. २०६८ सालमा आइपुग्दा सो संख्या बढेर

देशको कुल परिवारको १९.७१ प्रतिशत परिवारहरु महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ । यस अध्ययन क्षेत्रका क्षेत्री महिलाहरुको भने २३.३३ प्रतिशत जग्गा जमिनमा स्वामित्व रहेको देखिन्छ । यसको अर्थ यस क्षेत्रका महिलाहरुले केही मात्रामा भूमि माथि आफ्नो स्वामित्व कायम गरेको देखिन्छ । यसरी हेर्दा केही मात्रामा महिलाहरुको भू-स्वामित्व रहनुको कारण पैतृक सम्पत्तिमा छोरा सरह छोरीले अधिकार नपाउनु देखिन्छ । त्यस्तै श्रीमानको घरमा पनि भूमि माथि अधिकार भने महिलालाई धेरै नदिनाले पनि महिलाको नाममा भूमि नभएको पाइयो ।

## ४.१२ क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण

**तालिका १२ : क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण**

| पेवा | संख्या | प्रतिशत |
|---|---|---|
| बस्तुभाउ | १२ | २० |
| सुनचाँदी | १७ | २८.३३ |
| रुपैया पैसा | २१ | ३५ |
| पेवापात नभएको | १० | १६.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण हेर्दा आफुसँग केही पनि भएका महिला १० जना अर्थात् १६.६७ प्रतिशत रहेको पाइयो । पेवापात हुने महिलाहरु मध्ये सबैभन्दा बढी २१ जना अर्थात् ३५ प्रतिशत महिलाहरु पेवाको रुपमा बैंकमा रुपैया पैसा जम्मा गरेको पाइयो । १२ जना महिलाहरुले वस्तुभाउ, पेवाको रुपमा रहेको पाइयो । सुनचाँदीको रुपमा १७ जना महिलाहरुले विभिन्न गरगहना पेवाको रुपमा रहेको पाइयो ।

## ४.१३ क्षेत्री महिलाहरुको मासिक आम्दानी

**तालिका १३ : क्षेत्री महिलाहरुको मासिक आम्दानी**

| आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| ५०००-१०,००० | २६ | ४३.३३ |
| १०,०००-१५,००० | १५ | २५ |
| १५,०००-२०,००० | १२ | २० |
| २०,००० भन्दा माथि | ७ | ११.६७ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

क्षेत्री महिलाहरुमध्ये २६ जना अर्थात ४३.३३ प्रतिशत महिलाको मासिक आम्दानी ५००० देखि १०,००० रहेको देखियो । १०,००० देखि १५,००० कमाउने महिलाहरु १५ जना रहेको पाइयो । १२ जना महिलाहरुको कमाई १५,००० देखि २०,००० रहेको पाइयो भने २०,००० भन्दा माथि कमाउने महिला ७ जना रहेको पाइयो । अर्थात महिलाहरु आफु आवद्ध रहेको कार्य मार्फत केही रुपमा कमाई गरेको पाइयो । महिला आफुले गरेको कमामईले घरमा चाहिने सामान आफ्नो बच्चा बच्चीको लागि खर्च जुटेको धारणा महिलाहरुले गरेको पाइयो ।

## ४.१४ क्षेत्री महिलाहरुको श्रीमानको पेशा सम्बन्धी विवरण

**तालिका १४ : क्षेत्री महिलाहरुको श्रीमानको पेशा सम्बन्धी विवरण**

| पशा | संख्या | प्रतिशत |
|---|---|---|
| व्यापार | १९ | ३१.६७ |
| कृषि | १८ | ३० |
| ज्याला मजदुरी | ११ | १८.३३ |
| ड्राइभर | १२ | २० |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

नेपाल कृषि प्रधान मुलुक भएता पनि अध्ययन क्षेत्रका महिलाहरुको तुलनामा पुरुषहरु कृषि पेशामा संलग्न रहेको पाइएन । ६० जना उत्तरदाताको श्रीमानको पेशालाई हेर्दा सबैभन्दा बढी व्यापार गर्ने १९ जना, १८ जना कृषि पेशामा संलग्न रहेको पाइयो । ११ जना उत्तरदाताको श्रीमान ज्याला मजदुरी गर्ने पाइयो र बाँकी १२ जना श्रीमान ड्राइभर रहेको पाइयो ।

## ४.१५ श्रीमानको पेशागत रुपमा भएको घरेलु हिंसा

महिलाहरुमा हुने गरेको घरेलु हिंसाको अवस्थालाई हेर्दा सबैभन्दा बढी ज्याला मजदुरी गर्ने परिवारका महिलाहरुलाई हिंसा हुने गरेको पाइयो । दिनभर ज्याला मजदुरीको काम गर्ने र कुनै दिन राम्रो कमाई नहुने हुँदा जाडरक्सी खाएर घर आई झगडा गर्ने गरेको पाइयो । त्यसपछि ड्राइभरको परिवारमा पनि बढी हिंसा हुने गरेको पाइयो । यस सम्बन्धी तथ्याङ्क तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १५ : श्रीमानको पेशागत रुपमा भएको घरेलु हिंसा**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| ज्याला मजदुरी | २८ | ४६.६७ |
| ड्राइभर | १७ | २८.३३ |
| कृषि | १० | १६.६७ |
| व्यापार | ५ | ८.३३ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथि उल्लेखित तालिका हेर्दा ज्याला मजदुरी गर्ने महिलाको श्रीमानबाट ४६.६७ प्रतिशत घरेलु हिंसा भएको पाइयो, ड्राइभर पेशा गर्ने श्रीमानबाट २८.३३ प्रतिशत हिंसा भएको पाइयो त्यसैगरी कृषिमा संलग्न श्रीमानहरुबाट १६.६७ प्रतिशत हिंसा भएको पाइयो भने व्यापार गर्ने श्रीमानहरुबाट ८.३३ प्रतिशत हिंसा भएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने हिंसा हुनुको प्रमुख कारण अशिक्षा रहेको छ । शिक्षित भन्दा अशिक्षित महिलाहरुको परिवारबाट धेरै हिंसा भएको पाइएको छ ।

## ४.१६ क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन

**तालिका १६ :क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन**

| जग्गा जमिन | संख्या | प्रतिशत |
|---|---|---|
| १ आना देखि ४ आना | १९ | ३१.६७ |
| ४ आना देखि ६ आना | १३ | २१.६७ |
| ६ आना देखि ८ आना | ११ | १८.३३ |
| ८ आना देखि १ रोपनी | १० | १६.६७ |
| १ रोपनी भन्दामाथि | ७ | ११.६६ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन सम्बन्धी विवरण हेर्दा सबैभन्दा बढी १९ घरपरिवारको १ आना देखि ४ आना जमिन रहेको पाइयो । सबैभन्दा कम ७ जना घरपरिवारको १ रोपनी भन्दा माथि जमिन रहेको पाइयो । परिवारसँग जग्गा जमिन धेरै भएका र सिंचित जमिन हुने परिवारको आर्थिक अवस्था पनि राम्रो रहेको पाइएको छ। जुन जुन महिलाको परिवारमा आर्थिक अवस्था राम्रो पाइयो र ति महिलालाई घरेलु हिंसा पनि कम रहेको पाइएको छ।

## ४.१७ क्षेत्री महिलाको विचारमा हिंसाका कारणहरु

**तालिका १७: क्षेत्री महिलाको विचारमा हिंसाका कारणहरु**

| हिंसाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक हिंसा | १८ | ३० |
| शारीरिक हिंसा | ६ | १० |
| हिंसा नभएका | ३६ | ६० |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

क्षेत्री जातिका महिलाहरु सबैभन्दा बढी महिलाहरुमा हिंसा नभएको पाइयो भने १८ जना अर्थात ३० प्रतिशत महिलाहरुलेमानसिक हिंसा नै हिंसाका कारण भनेको पाइयो र ६ जना अर्थात १० प्रतिशत महिलाहरु हिंसा भनेको शारीरिक हिंसा भन्ने पाइयो । यसै गरी सबैभन्दा बढी ३६ जना अर्थात ६० प्रतिशत महिला हिंसा नभएका भएको पाइयो ।

## ४.१८ अध्ययन क्षेत्रमा क्षेत्री महिला माथि हुने घरेलु हिंसाका प्रकारहरु

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र, घर परिवारसँग गाँसिएर हुने हिंसा जन्य कार्यलाई पनि एक प्रकारको हिंसा हुन् । अध्ययन क्षेत्रमा हुने घरेलु हिंसाका प्रकारहरु निम्न तालिकामा देखाइएको छ ।

**तालिका १८ : क्षेत्री महिला माथि हुने घरेलु हिंसाका प्रकारहरु**

| घरेलु हिंसाका प्रकारहरु | संख्या | प्रतिशत |
|---|---|---|
| गाली गलौज, नराम्रो शब्द बोल्ने | ३१ | ५१.६७ |
| जाँड रक्सी सेवन गरी कुट्ने | २० | ३३.३३ |
| हिंसा नभएका | ९ | १५ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

अध्ययन क्षेत्रमा ५१.६७ प्रतिशत महिलाहरुलेघरेल हिंसाको रुपमा गाली गलौज, नराम्रो शब्द सुन्नु पर्ने बताएका छन् र ३३.३३ प्रतिशत महिलाहरुले जाँड रक्सी सेवन गरी आउने श्रीमानहरुबाट विभिन्न किसिमका शारीरिक तथा मानसिक हिंसाहरु भोगेको बताएका छन् भने १५ प्रतिशत महिलाहरुले कुनै किसिमका घरेलु हिंसा नभएको बताएका छन् ।

## ४.१९ क्षेत्री महिलाहरुको समूहमा आवद्धता

**तालिका १९ : क्षेत्री महिलाहरुको समूहमा आवद्धता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| समूहमा आवद्ध भएका | ५१ | ८५ |
| समूहमा आवद्ध नभएका | ९ | १५ |
| जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

क्षेत्री महिलाहरुको समूहमा आवद्धताको अवस्थालाई हेर्दा सबैभन्दा बढी ५१ जना अर्थात ८५ प्रतिशत महिलाहरु समुहमा आवद्ध भएका र ९ जना अर्थात् १५ प्रतिशत महिलाहरु कुनै पनि समूहमा आवद्ध नरहेको पाइयो । विभिन्न वचत तथा ऋण सहकारी संस्था र आमा समूह जस्ता संस्थाहरुमा क्षेत्री महिलाहरुको आवद्ध भएको पाइयो । सहकारी संस्थाले त्यस ठाउँका महिलाहरुले कुनै पनि व्यवसाय सञ्चालन गर्नु परेमा सहुलियत व्याजदरमा ऋण प्रदान गर्ने गरेको पाइयो ।

## ४.२० शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा समानता र असमानता

विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेका छन्, साथै महिला शिक्षाको महत्वप्रति पनि वर्तमान समाज उदार देखिन थालेका छन् । यहाँ प्रस्तुत अध्ययनमा कीर्तिपुर नगरपालिका, भाजङ्गल-७ का क्षेत्री महिलाहरु केही मात्रामा अशिक्षित रहेको पाइयो । त्यहाँका अशिक्षित क्षेत्री महिलाहरुमा बढी घरेलु हिंसा भएको पाइन्छ । अशिक्षित महिलाहरुलाई उनका श्रीमानदेखि सासु ससुरा, नन्द अमाजुले समेत हिंसा गरेको पाइन्छ । हिंसामा अशिक्षित महिलाहरुलाई श्रीमानबाट गालीगलौज नराम्रो शब्द बोल्ने, हेप्ने, जाँड रक्सी सेवन गरी कुट्ने, पिट्ने जस्ता कार्यहरु गरेको पाइयो । त्यस ठाउँका अशिक्षित क्षेत्री महिलाहरुले आफ्नो घरको रमाइतीको इज्जत जाने डरले आफुले हिंसा सहेर बस्ने र कसैकोमा पनि सुनुवाई नगर्ने गरेको पाइन्छ । अशिक्षित क्षेत्री महिलाहरुले भने आफ्ना छोरालाई निजी स्कुलमा र छोरीलाई सरकारी स्कुलमा पढाउने गरेको पाइयो । केही अशिक्षित महिलाहरुले भने छोराछोरीलाई अलग-अलग स्कुलमा पढाउँदा स्कुलको समय नमिल्न र धेरै कुरामा अप्ठ्यारो हुने भएकाले एउटै स्कुलमा पढाएको बताए । अशिक्षित क्षेत्री महिलाहरुलाई उनीहरुका श्रीमानहरुले कुनै पनि सीपमुलक काम गर्न चाहेमा पनि नपढेकाले के सीप सिक्न सक्छौ भनी सीपमुलक तालिमहरु सिक्न जान नदिने घरभित्रै राख्ने जस्ता कार्यहरु गरेको पाइयो ।

शिक्षित महिलाहरुलाई भने घरेलु हिंसा कम भएको पाइएको छ । त्यस ठाउँका क्षेत्री महिलाहरु कम शिक्षित रहेका छन् महिला शिक्षित भएता पनि श्रीमान अशिक्षित भएका महिलाहरुलाई घरेलु हिंसा हुने गरेको पाइयो । अशिक्षित श्रीमानले श्रीमतीलाई कसैसँग बोल्दा वा कुनै कामले बाहिर जाँदा पनि शंका गर्ने, नराम्रो काममा गएको भन्ने, नराम्रो

शब्द बोल्ने गरेको पाइन्छ भने शिक्षित श्रीमानले आफ्नो श्रीमतीलाई हरेक कुरामा सहयोग गर्ने शंका नगर्ने राम्रो काम गर्नुपर्छ भनी हौसला दिने गरेको पाइन्छ । शिक्षित महिला र शिक्षित पुरुष भएका घर परिवारमा मिलेर घरको काम गर्ने काममा बच्चा हेर्ने, सरसफाई गर्ने, खाना पकाउने जस्ता सहयोग गर्ने गरेको पाइन्छ । शिक्षित महिलाहरुले आफ्ना छोराछोरीलाई समान व्यवहार गर्ने दुवैलाई एउटै स्कुलमा अध्ययन गराउने गरेको पाइयो ।

## ४.२१ हिंसाप्रति क्षेत्री महिलाहरुको धारणा

अध्ययन क्षेत्र भाजङ्गलका क्षेत्री महिलामा अधिक महिला एकल परिवारमा रहँदै आएका कारण यस क्षेत्रमा श्रीमानबाट श्रीमती माथि हुने कुटपिट गालीगलौजका घटना नै अधिकतम मात्रामा हुने गरेको पाइन्छ । श्रीमान शिक्षितै भएको अवस्थामा पनि रक्सी सेवन गरी श्रीमती कुट्ने घटना अधिक मात्रामा हुने गरेको पाइन्छ । क्षेत्री महिला मध्येका विधवा महिला आफ्ना नाबालक सन्तानसँग रही आएका तथा एकल परिवार भएका कारण पारिवारिक हिंसाको सिकार बन्न नपरेको भएता पनि समाजबाट विधवा भएका कारण अपहेलित हुन परेको, महिला भएका कारण होच्याउने, आर्थिक कारोवारमा विश्वास नगर्ने साथै असुरक्षाको अनुभूति हुने गरेको पाइन्छ भने केही महिला सासु, नन्द आमाजुबाट गालीगलौज, सामान्य कुटपिटको सिकार बन्नु परेको पाइन्छ ।

क्षेत्री महिला श्रीमान वा लोग्ने मानिसबाट मात्र पीडित नभई महिलाबाटै पनि महिला माथि हिंसा भएका छन् । क्षेत्री महिला मध्येका विवाहित महिला श्रीमान लगायत सासु, नन्द आमाजुबाट पनि हिंसाका सिकार बनेको पाइएको छ ।

समग्रमा क्षेत्री महिलाहरुले अधिक रुपमा लोग्नेबाट हिंसा पीडित बन्नु परेको देखियो भने सासु-ससुरा, नन्द-आमाजु लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा लोग्नेलाई कुरा लगाइ पिट्न लगाएको पनि पाइएको छ । विधवा महिलाहरुलाई सामाजिक रुपमा हेला र घृणाको पात्र बन्न परेको पाइन्छ । सकेसम्म सहेर बस्नु पर्ने लोग्ने तथा परिवारका सदस्यहरुको उजुरी गरेर फाइदा नभएको र इज्जत जान्छ भन्ने डर भएको धारणा महिलामा रहेको पाइएको छ ।

# अध्याय- पाँच

# सारांश, निष्कर्ष

## ५.१ सारांश

महिला माथि हुने शारीरिक यातना मात्र नभई मानसिक, धार्मिक, कानुनी रुपमा यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नु पर्ने हुन्छ । महिलाहरु कस्ता कस्ता प्रकारका हिंसाबाट पीडित हुने गरेका छन् र उनीहरुले भोगिरहेका हिंसाका कारणहरु, उनीहरुको सामाजिक, आर्थिक पृष्ठभूमि कस्तो रहेको छ भन्ने तथ्यलाई यस अध्ययनमा समस्याको रुपमा लिएको छ । अध्ययन क्षेत्रका सम्पूर्ण क्षेत्री महिलाहरु भोगेका हिंसाको प्रकार, हिंसा प्रतिको उनीहरुको धारणा पत्ता लगाउने उद्देश्य अध्ययनका क्रममा थियो । महिला सशक्तिकरणमा लागि परेका संस्थाहरु, महिला हिंसा विरुद्ध लाग्ने संस्थाहरुका साथै नीति निर्माणकर्ताहरुले महिला हिंसाको अवस्था तथा कारणहरुको जानकारी दिई सो निवारणका निमित्त मद्दत पुऱ्याउन सक्ने अपेक्षा अध्ययनका क्रममा लिइएको छ । अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिका प्रकाशित लेख, रचना, प्रतिवेदन, कानुनी प्रावधान आदि बारे अध्ययनका क्रममा समीक्षा गरिएको छ । अध्ययन क्षेत्र कीर्तिपुर नगरपालिका, भाजङ्गल वडा नं. ७ रहेको छ । यस क्षेत्रमा भएका संस्थाहरुले मुख्य गरी घरेलु हिंसा, बलात्कार, गर्भपतन, सम्बन्ध विच्छेद महिलाहरुलाई आत्मनिर्भर बनाउने कार्यक्रम, समुह बचत, सामुहिक तरकारी खेती, किशोरी शिक्षा जस्ता कार्यक्रम मार्फत महिला सशक्तिकरणका लागि कार्य गर्दै आएको पाइन्छ । अनुसन्धानका क्रममा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिनुका साथै आवश्यक तथ्य संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समयसिमा, निश्चित उद्देश्य र अर्थको सीमाको कारणले गर्दा कीर्तिपुर नगरपालिकाको पूरै वडाहरु अध्ययन गर्न सकिएको छैन । त्यसकारण अध्ययन क्षेत्रका ६० जना क्षेत्री महिलाहरुलाई अध्ययन संख्याका रुपमा लिइएको छ ।

अध्ययनका क्रममा विवाहित क्षेत्री महिलाहरुमा उमेरको हदबन्दी नलगाई जुनसुकै उमेर समूहका महिलाहरुलाई पनि समेटिएको छ । विवाहित क्षेत्री महिलाहरुलाई पनि समेटिएको छ । विवाहित क्षेत्री महिलाहरुले के कस्ता हिंसाहरु भोगेका छन् भन्ने सन्दर्भमा

सामाजिक, पारिवारिक, शैक्षिक र आर्थिक अवस्था बारे अध्ययन गरिएको छ । सामाजिक अवस्था बारे अध्ययन गर्दा जनसंख्या, परिवारको प्रकार, वैवाहिक स्थिति, शैक्षिक अवस्थालाई लिइएको छ । क्षेत्री महिलाहरुको परिवारको प्रकारको बारेमा अध्ययन गर्दा संयुक्त परिवारको तुलनामा एकात्मक परिवारको संख्झा बढी रहेको पाइन्छ । संयुक्त परिवारमा घर चलाउने देखि लिएर खाने, लगाउने कुरामा समेत सबै सदस्यहरुलाई बराबरी अधिकार नहुने र ति सदस्यहरुबिच मनमुटाव भइरहने कारणले गर्दा एकल परिवारको तुलनामा संयुक्त परिवारका महिलाहरु बढी हिंसा पीडित भएको पाइन्छ । श्रीमान भएका विवाहित महिलाहरुको तुलनामा श्रीमान नभएका विधवा क्षेत्री महिलाहरुलाई घर परिवारका सदस्यहरुले लोग्ने टोकुवाई, अलक्षिनी, बोक्सिनी भनेर सराप्ने र पिट्ने गरेकाले विवाहित क्षेत्री महिलाहरुको तुलनामा विधवा महिलाहरु बढी घरेलु हिंसा पीडित बन्न पुगेको पाइयो । शैक्षिक अवस्थालाई हेर्दा यस क्षेत्री जातिको शैक्षिक अवस्था राम्रो रहेको छ । विवाहित क्षेत्री महिलाहरुको शैक्षिक अवस्था पनि राम्रै रहेको छ ।

अध्ययन क्षेत्रमा क्षेत्री महिलाहरुको पारिवारिक अवस्था अध्ययन गर्दा महिलाहरुको पारिवारिक अवस्था अध्ययन गर्दा परिवारमा निर्णयकर्तालाई हेर्दा सासु, ससुरा, छोरा बुहारी र छोरीमध्ये सबैभन्दा बढी निर्णयकर्ता सासुहरु नै रहेको पाइन्छ । त्यस्तै छोरीहरु र बुहारीहरु भने निर्णयकर्ता धेरै नरहेको पाइन्छ । बुहारीले गरेको कुनै काममा गल्ती भएमा दोहोऱ्याएर गर्न लगाउने, गाली गर्ने र कुटपिट गर्ने जस्ता काम गर्ने गरेको पाइन्छ । श्रीमानहरुले पनि श्रीमतीलाई आफूले भने बमोजिम नमानेमा राम्रोसँग भनेका काम गर्न नजानेमा कुट्ने गरेको पाइन्छ । सासुहरुले बुहारीहरु विरुद्ध विभिन्न नभएका कारणहरु छोरालाई सुनाएर छोरा बुहारीको झगडा गराउने गरेको पाइन्छ ।

क्षेत्री महिलाहरुको आर्थिक अवस्थालाई अध्ययन गर्दा पेशा र भूस्वामित्वलाई लिइएको छ । अध्ययन क्षेत्रका क्षेत्री महिलाहरुले व्यापार, कृषि, नोकरी, शिक्षिका पेशामा आवद्ध रहेको पाइन्छ । आफ्नो घर धान्न पुग्ने सम्पत्ति भएता पनि महिलाहरु बढी अशिक्षित भएका कारण घरका सदस्यहरुबाट गालीगलौज र हिंसा सहनु परेको पाइन्छ ।

क्षेत्री महिलाहरुमा हिंसा गर्नेलाई कानुनी कारवाही सम्बन्धी जानकारी बुझ्न हिंसा गर्नेलाई कानुनी कारवाही हुन्छ भन्ने बारे सबैलाई जानकारी भएको पाइन्छ । तर पनि

आफ्नो र परिवारको इज्जत जान्छ भनि सामान्य हिंसालाई लुकाएको पाइन्छ । उनीहरु अत्याधिक हिंसा भएको खण्डमा मात्र न्यायका लागि प्रहरी चौकी र गैर सरकारी संस्था समक्ष धाउने गरेको पाइन्छ । आज भोली महिला हिंसासँग सम्बन्धित धेरै संस्थाहरु बनेको पाइन्छ । क्षेत्री जातिमा सासु र छोरीको तुलनामा बुहारीहरु निकै हिंसा पीडित बन्न पुगेको पाइन्छ ।

## ५.२ निष्कर्ष

क्षेत्री महिला माथि हुने गरेको घरेलु हिंसा शीर्षकमा यो अध्ययन कीर्तिपुर नगरपालिका, भाजङ्गल-७ मा गरिएको छ । यस अध्ययनकोमुख्य उद्देश्य क्षेत्री महिलाहरुमा हुने घरेलु हिंसाको अध्ययन गर्ने, हिंसाको कारण पत्ता लगाउने र घरेलु हिंसाहबाट हुने आर्थिक, सामाजिक, शैक्षिक समस्याहरु अध्ययन गर्नु रहेकाले यस अध्ययनबाट निम्न निष्कर्षमा पुगिएको छ ।

अध्ययन क्षेत्रमा रहेका महिलाहरु अशिक्षित रहेका र धेरै जसो महिलाहरुले प्राथमिक तहसम्मको शिक्षा मात्र हासिल गरेको पाइएको छ । क्षेत्री जातिमा अझै पनि परम्परागत सोच र व्यवहारका कारण ति महिलाहरु आफ्नो हक अधिकारप्रति अज्ञात रहेका छन् । छनोटमा परेका अधिकांश महिलाहरु आफ्नो आयआर्जनको बाटो नभएका कारण आर्थिक रुपमा श्रीमान तथा परिवारप्रति निर्भर रहेको पाइएको छ ।

नेपाल कृषि प्रधान राष्ट्र भएको हुँदा यहाँका ७० प्रतिशत भन्दा बढी जनताले कृषिलाई जिवनयापनको प्रमुख माध्यम बनाएका छन् । यस सर्वेक्षण स्थलमा पनि पेशाका रुपमा कृषि, व्यापार, ज्याला, मजदुरी जस्ता पेशा अपनाएको पाइएको छ । यहाँका क्षेत्री महिलाहरु अन्तर्वार्ता दिने क्रममा उत्तर दिन डराउने, परिवारले थाहा पाउने हुन् कि भन्ने डराएको मनस्थिति रहेको पाइएको छ । शिक्षा र चेतनाको अभाव, बालबालिकाको भविष्यका लागि आफ्नो आयआर्जन गर्न सक्ने क्षमताको कमि र श्रीमान् र सासुको दवावले गर्दा हिंसा सहेको पाइएको छ ।

आफूमा परेको अन्याय सहेर बस्ने परिपाटीले गर्दा हिंसा अझ व्यापक बन्दै गएको पाइएको छ । यहाँका अधिकांश महिलाहरु शारीरिक, मानसिक, आर्थिक र यौनिक रुपमा

हिंसाको शिकार हुँदै आएको पाइन्छ । धेरै महिलाहरु श्रीमानबाट र केही महिला परिवारका अन्य सदस्यबाट हिंसा सहेर बसेको पाइएको छ । आफूमाथि श्रीमान् तथा सासुबाट भएका हिंसाका घटनालाई सामान्य रुपमा लिँदै आएको पाइन्छ । घरेलु हिंसाबाट पीडित महिलाहरु कानुनी उपचारका लागि प्रहरी वा संघ संस्थामा उजुरी गर्न थप हिंसाको सिकार बन्ने डरले कानुनी डरले उपचारको खोजी नगरेको पाइएको छ ।

विकृतिका रुपमा रहेको जाडरक्सी, गाँजा, ड्रग्स चुरोट जस्ता मादलक पदार्थको सेवन पनि महिला माथि हुने हिंसाको कारणको रुपमा देखिएको छ । अधिकांश महिलाहरु आयआर्जनकोबाटो नभएकाले, अशिक्षा घरबाट निकालिने डर, श्रीमानको दवाव, बच्चाहरुको भविष्यको लागि र संस्कृति र परम्पराको कारण हिंसा सहेर बसेको पाइएकोछ । समाजले महिलाप्रति गरिने दुर्व्यवहार हेर्ने दृष्टिकोण आदिका कारण महिलाले विभिन्न हिंसाहरु भोग्नु परेको छ । छनोटमा परेका उत्तरदाता महिलाका धारणामा महिला माथिको हिंसाको कारण पितृसत्तात्मक सामाजिक संरचना हो । जसले गर्दा महिला पुरुष प्रतिको सामाजिक दृष्टिकोण फरक हुन पुगेको छ । सामाजिक परिवेशका कारणले गर्दा नै आफूलाई कमजोर तथा निर्भर ठान्ने मानसिकता स्वयम् महिलामा पनि विकास भैरहेको छ । जसले गर्दा महिलाप्रतिको हिंसाको घटनाले प्रश्रय पाउँदै आएको छ । त्यसैले समाजमा रहेको घरेलु हिंसा कम गर्न महिला शिक्षामा जोड दिई महिला स्वयम् आफू पनि अधिकारप्रति जनचेतना जगाउनुका साथै आफूलाई कमजोर ठान्ने मानसिकतामा परिवर्तन ल्याउनु जरुरी छ ।

## सन्दर्भ सामाग्री


नेपालको संविधान, २०७२ ।

नेपाल सरकार कानून किताब ब्यवस्था समिति काठमाण्डौ, नेपाल ।

अध्यक्ष थापा नैनकला र मल्ल सपना प्रधान महिला अधिकार, राष्ट्रिय महिला आयोग फाल्गुन २०६५ ।

गोरखापत्र दैनिक, श्रीमतीलाई अण्डाले हान्दा ६ महिना जेल ।

गोरखापत्र पब्लिकेशन , २० मंसिर २०६९ ।

गा.वि.स. प्रोफाइल, (२०६८), फाखेल गाउँ विकास समिति खड्नु मकवानपुर नेपाल ।

घरेलु हिंसा (कसुर सजाय) ऐन (२०६६)

राष्ट्रिय जनगणना, केन्द्रिय तथ्याङ्क विभाग काठमाण्डौं, (२०६८) ।

लैङ्गिक आधारमा विभाजित तथ्यांक, राष्ट्रिय महिला आयोग, (२०६९) ।

हुमागाई मनु (२०६८), “महिला अधिकार” एकता संघर्ष श्रमिक महिला दिवर (८ मार्च), राष्ट्रिय महिला

ANBEST, (2013), Status and demisnionas of voielence against women. Reality Revealed (2013) Balkumari Lalitpur.

ANBESI, (2013), Status and demisnionas of violence against women.

Reality Revealed (2013) Balkumari, Lalitpur.

Bejining Declaration (1995), Beijing declaration and platform for action : Fourth World Coference on Women. New York : United Nation

Bennett Lynn (1983), Dengerus wites and sacred sister : Social and symbolic role of higt caste women in Nepal, Colubia University Press.

UNDP (2001), Human development report, Kathmandu, Nepal.

# प्रश्नावली

## घरदैलो सर्वेक्षणका प्रश्नहरु

(क) **उत्तरदाताको नाम :**

१. जाति :

२. धर्म

३. उमेर :

४. शिक्षा : (i) अशिक्षित
(ii) सामान्य शिक्षित
(iii) विद्यालय
(iv) विश्वविद्यालय

५. पेशा :

६. वैवाहिक स्थिति : (i) विवाहित (iv) सम्बन्ध विच्छेद
(ii) अविवाहित (v) एकल
(iii) विधवा

७. परिवारको प्रकार : (i) संयुक्त
(ii) एकल

८. पारिवारिक विवरण :

| उत्तरदातासँगको सम्बन्ध | नाम | उमेर | लिङ्ग | पेशा | वैवाहिक स्थिति | शिक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**आर्थिक**

९. तपाईको मुख्य पेशा के हो ?

(क) कृषि (ख) व्यापार (ग) ज्याला/मजदुरी
(घ) सरकारी सेवा (ङ) पढ्दै (च) समाजसेवा
(छ) ड्राइभर (ज) राजनीति (झ) अन्य

१०. गत वर्ष तपाईको परिवारको मुख्य जीवन निर्वाह कसरी भयो ?

(क) कृषि (ख) व्यापार (ग) ज्याला/मजदुरी
(घ) सरकारी सेवा (ङ) अन्य

११. गत महिना तपाईको परिवारको आम्दानी कति थियो ?

(क) १०००-५०००　(ख) ५०००-१००००　(ग) १००००-२००००

(घ) २००००-३००००　(ङ) ३००००-४००००　(च) ४००००-५००००

(छ) ५०००० भन्दा माथि

१२. तपाईको परिवारमा परिवारका सबै सदस्यहरु मिलेर काम गर्ने गरिएको छ ?

(क) छ　(ख) छैन

१३. यदि छ भने घरमा गरिने कुन कुन काम परिवारका सदस्यहरु मिलेर गर्ने गरेको छ ?

(क) बच्चा हेर्ने　(ख) खाना पकाउने　(ग) सरसफाई गर्ने

(घ) घाँस काट्ने　(ङ) अन्य

१४. तपाईको परिवारको जग्गा जमिन कति छ ?

(क) आना　(ख) रोपनी

१५. तपाईको पविारको जग्गा जमिन कस्तो कस्तो रहेको छ ?

| | जग्गाको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घडेरी | आना/ रोपनी | पाखो वारी | आना/ रोपनी | सिंचित जमिन | आना/ रोपनी | अन्य जमिन | आना/ रोपनी |
| परिवारको जमिन | | | | | | | | |
| उत्तरदाताको जमिन | | | | | | | | |

१६. तपाईको पेवा पात केही छ ?

(क) छ　(ख) छैन

१७. यदि छ भने आफ्नो पेवाको रूपमा के राख्नु भएको छ ?

(क) वस्तुभाउ　(ख) जग्गा जमिन　(ग) सुनचाँदी

(घ) रपैया पैसा　(ङ) अन्य

१८. तपाईको पेवा सम्पत्तिको हालको बजारभाउ कति रहेको छ ?

.............................................................

१९. तपाईले विवाह गर्नुभएको छ ?

(क) छ　(ख) छैन

२०. तपाईको विवाह भएर आउँदा दाइजो ल्याउन भएको थियो ?

(क) ल्याएको थिएँ (ख) ल्याएको थिइन

२१. यदि ल्याउनु भएको थियो भने दाइजोको रूपमा के के ल्याउनुभएको थियो ?

(क) वस्तुभाउ (ख) जग्गा जमिन (ग) सुनचाँदी

(घ) रूपैया पैसा (ङ) अन्य

**सामाजिक**

२२. तपाईले परिवारबाट कुनै किसिमको दुर्व्यवहार भोग्नु भएको छ ?

(क) छ (ख) छैन

२३. यस खालको दुर्व्यवहार प्रायः परिवारको कुन सदस्यबाट हुने गरेको छ ?

(क) श्रीमान (ख) सासु ससुरा (ग) देवर (घ) अन्य

२४. यदि छ भने कस्तो किसिमको दुर्व्यवहार भोग्नु भएको छ ?

(क) कुटपिट (ख) गालीगलौज, नराम्रो शब्द बोल्ने, हेप्ने

(ग) दाइजोको कारणबाट यातना (घ) दैनिक खर्चको अभाव

(ङ) यौन दुर्व्यवहार, यौनिक हिंसा (च) अन्य

२५. गत ६ महिनामा सँगै बसेको परिवारको जन्मा संख्या कति छ ?

............... जना

२६. गएको एक वर्षमा परिवारबाट तपाईप्रति कुनै दुर्व्यवहार भएको छ ?

(क) छ (ख) छैन

२७. खास तपाईप्रति गरिने दुर्व्यवहार कुन बेला गरिन्छ ?

(क) रक्सी सेवन गरेपछि (ख) ड्रग्स लिएपछि (ग) जुवातास खेलेपछि

(घ) ब्लु फिल्म हेरेपछि (ङ) नराम्रो फोटो हेरेपछि (च) सामान्य अवस्थामा

(छ) अन्य समयमा

२८. तपाईप्रति गरिने दुर्व्यवहार प्रायः कुन समयमा बढी गरिन्छ ?

(क) परिवारको सदस्यको साथ (ख) एक्लै भएको बेला

(ग) जुनसुकै समयमा पनि (घ) रातको समयमा

(ङ) दिनको समयमा (च) अन्य समयमा

२९. यदि रातको समयमा बढी दुर्व्यवहार हुन्छ भने किन ?

.......................................................

३०. यदि विवाह गर्नुभएको छ भने कति वर्षको उमेरमा विवाह गर्नुभयो ?

(क) श्रीमतीको उमेर (ख) श्रीमान्‌को उमेर

३१. तपाईहरुको विवाह कुन सालमा भएको हो ?

................ साल

३२. तपाईको विवाह कुन प्रकृतिको हो ?

(क) मागी विवाह (ख) प्रेम विवाह

(ग) जारी विवाह (घ) अन्य

३३. तपाईको वैवाहिक अवस्था कस्तो रहेको छ ?

(क) दाम्पात्य सम्बन्धमा (ख) सम्बन्ध विच्छेद गरेको

(ग) श्रीमान्‌सँग छुटिएर बसेको (घ) विधवा (ङ) अन्य

३४. तपाई कुन धर्म मान्नु हुन्छ ?

(क) हिन्दु (ख) बौद्ध (ग) क्रिश्चियन (घ) अन्य

३५. तपाईको श्रीमान्‌ले के काम गर्नुहुन्छ ?

(क) कृषि (ख) नोकरी (ग) ज्याला/मजदुरी

(घ) सरकारी सेवा (ङ) पढ्दै (च) समाजसेवा

(छ) ड्राइभर (ज) अन्य

**शैक्षिक**

३६. तपाईले लेखपढ गर्नुभएको छ ?

(क) छ (ख) छैन

३७. यदि छ भने तपाईले कति अध्ययन गर्नु भएको छ ?

(क) साक्षर (ख) प्राथमिक (ग) नि.मा.वि. (घ) माध्यमिक

(ङ) १०+ (च) उच्च शिक्षा

३८. यदि छैन भने नपढ्नुको कारण के हो ?

(क) घरमा काम गर्ने मानिसको अभाव (ख) विवाह भएकाले

(ग) आर्थिक अभाव भएकाले (घ) छोरीलाई पढाउने नभएकाले

(ङ) विद्यालय नभएर (च) पढ्न मन नलागेर

(छ) अन्य कारणबाट

३९. तपाईको श्रीमानले अध्ययन गर्नु भएको छ ?

(क) छ (ख) छैन

४०. यदि छ भने तपाईको श्रीमान्ले कति अध्ययन गर्नुभएको छ ?

(क) साक्षर (ख) प्राथमिक (ग) नि.मा.वि.

(घ) माध्यमिक (ङ) १०+२ (च) उच्च शिक्षा

४१. तपाईको छोराछोरी छ ?

(क) छ (ख) छैन

४२. तपाईले छोराछोरीलाई स्कुल पठाउनु भएको छ ?

(क) छ (ख) छैन

४३. छोराछोरीलाई स्कुल पठाउनु भएको छ भने कुन स्कुल पठाउनु भएको छ ?

| | सरकारी स्कुल | निजी स्कुल |
|---|---|---|
| छोरा | | |
| छोरी | | |

४४. तपाईको छोराछोरी कति कति वर्षको भए र हाल कति कति कक्षामा पढ्छन् ?

| | वर्ष | कक्षा |
|---|---|---|
| छोरा | | |
| | | |
| | | |
| | | |
| छोरी | | |
| | | |
| | | |

४५. तपाई कुनै संस्थामा आवद्ध हुनुहुन्छ ?

(क) छ (ख) छैन

४६. छ भने कुन संस्थामा आवद्ध हुनुहुन्छ ?

..........................................................................